# परिच्छेद : एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

यौन हरेकको जिवनमा हुने प्राकृतिक तथा जन्मजात संवेग हो । जुन स्वभाविक, प्राकृतिक तथा मानवजीवनको आधारभूत आवश्यकता भित्र पर्दछ । अब्राहम मास्लोको आवश्यकता को सृङ्खला अनुसार मानवशरीरमा प्रजनन क्षमताको विकास तथा प्रजननयोग्य क्षमता र त्यससम्बन्धि क्रियाकलापलाई यौन भनिन्छ । यसलाई यौनतृष्णा, कामवासना वा कामुकता पनि भन्ने गरेको पाईन्छ । अर्को शब्दमाभन्दा युवा अवस्थामा प्रबेश गरेका महिला र पुरुषका सम्पूर्ण शरीर साथै उनीहरुका प्रजनन प्रणालीका अङ्गहरुको आपसी मिलन यौन (Sex)हो (ढकाल, सोमनाथ : जनसंख्या शिक्षा) । यौन मानव भित्रको सबैभन्दा शक्तिशाली चाहना हो । जसको माध्यमद्वारा जीवनशक्ति आफै अभिव्यक्त हुन्छ । फ्रायडका अनुसार यौन सन्तान उत्पादन गर्ने प्रक्रिया मात्र नभएर मानव जीवनलाई आनन्दित तुल्याउने एक छुट्टै अध्याय हो । जसको आधारमा जीवन परिचालित भईरहेको हुन्छ (फ्रायड) । व्यवहार (Behavior), आचरण, व्यवहार, चालढाल (Learners dictionary) यौन भन्नाले स्त्री र पुरुषले उमेरको परिपक्वतासँगै विकसित यौन अङ्ग, उसका यौनसम्बन्धी गतिविधि, क्रिया, चालचलन, उसको यौनिक क्रियाकलाप तथा उसले अपनाउने यौनिक व्यवहार, आचरण, वानी तथा हाउभाउलाई नै सामान्य अर्थमा यौनिक व्यवहार भनिन्छ । विस्तृत अर्थमा किशोरावस्थामा प्रबेश गरेदेखि युवावस्था र प्रौढअवस्थामा सम्म पुग्दा महिला र पुरुषले आफ्नो यौन आवश्यकता पूरा गर्न गरिने सम्पूर्ण क्रियाकलापहरु यौन व्यवहारअन्तर्गत पर्दछन । जस्तै : यौन सम्बन्ध राख्ने, चल्ने, जिस्कने, अँगालो मार्ने, चुम्बन गर्ने, यौन अंग देखाउने, खेलाउने आकर्षित हुने, विभिन्न यौन क्रियाकलाप मा संलगन हुने जस्ता विविध क्रियाकलापहरु पर्दछन् (जनसंख्या अध्ययन, भाग २, काफ्ले रामेश्वर र साथीहरु) ।

विवाह (Marriage) विहे, परिणय, अर्थात् महिला र पुरुषवीच दाम्पत्य जीवनमा बाँधिन गरिएको औपचारिक कार्यक्रम जसको माध्यमबाट पुरुष र स्त्री एक परिवारमा आबद्ध हुन्छन्, विवाहित भनिन्छ र दाम्पत्य जीवनमा संलग्न भै जीवनयापन तर्फ अग्रसर हुन्छन् ।

विभिन्न देशको कानुन, संस्कृति संस्कार चालचलनअनुरुप विवाहबन्धनमा बाँधिने पनि विभिन्न पाटाहरु रहेकाहुन्छन् । जस्तै : गन्धर्व विवाह, मागी विवाह, भागी विवाह, जार हालि दुलही ल्याउने प्रथा आधुनिक युगमा कानुनी विवाह गर्ने उपयुक्त उमेर भन्नाले शारीरीक, मानसिक सामाजिक र आर्थिक रुपमा सबल व्यक्ति विचको आपसी समझदारी र सल्लाहबाट लिइने निर्णय हो । स्वास्थ्यका दृष्टिकोणले विवाहका लागि उपयुक्त उमेर भनेर महिलाका लागि २० बर्ष र पुरुषका लागि २५ बर्षको उमेर लाई मानिन्छ । जुन समयावधिमा महिला र पुरुष दुवैका यौनाङ्ग परिपक्व भै शारीरिक सन्तुलनको अवस्थामा रहेका हुन्छन् । जसले स्वस्थजिवनशैली अपनाउँदै यौनजन्य क्रियाकलापमा परिपक्वता, सन्तुष्टि र

आनन्ददायी जीवन प्रदान गर्दछ र सन्तान उत्पादन प्रक्रियालाई पनि तन्दुरुस्त राख्दछ। नेपालको मुलुकी ऐनले अभिभावकको अनुमित भए दुबैको उमेर १८ बर्षको र अभिभावकको मन्जुरी नभएमा २० बर्ष उपयुक्त मान्दछ (सामाजिक अध्ययन, २०७०)।

सामान्यतया शिक्षित भन्नाले लेखपढ गर्न जान्ने, आफूले सुनेका कुरा एक आपसमा सम्प्रेषण गर्ने सक्ने तथा साधारण हरहिसाब गर्न सक्ने व्यक्तिलाई भनिन्छ। शिक्षा ऐन २०२८ तथा नियमावली २०५९ र नेपालको संविधान २०७२ बमोजिम औपचारिक शिक्षा तर्फ आधारभूत तह, माध्यमिक तह तथा उच्च शिक्षाको तह पार गरेका व्यक्तिहरु शिक्षित समुदाय अन्तर्गत पर्दछन्।

यस अनुसन्धानको शीर्षक, शिक्षित विवाहिताहरुको यौन व्यवहार माथिको उल्लेखित प्रत्येक शब्द को परिभाषा अनुरुप साँचो अर्थमा न्युनतम १२ कक्षा उत्तीर्ण गरेका विवाहित जोडीहरुबीचको यौनव्यवहार आचरण, उनीहरुले अपनाउने जीवनशैली, सोचबारे जान्ने बुझ्ने अवधारणाबाट प्रेरित रहेको छ।

सन् १९७० को दशक वरिपरि मात्र विकसित राष्ट्रका विद्यालयहरुमा यौन शिक्षाको थालनी भएको मानिन्छ भने नेपालमा सन् १९९८ वि.स.२०५५ सालदेखि यौन शिक्षा लाई विद्यालय स्तरका पाठ्क्रममा समावेश गरिएको पाइन्छ। साथै नेपालमा सन २००८ देखि डानिडा सरकारको सहयोगमा अर्न्तराष्ट्रिय परिवार नियोजन महासंघमार्फत् नेपाल परिवार नियोजन संघ ले बृहत यौनिकता शिक्षा कार्यक्रम सञ्चालन गर्दै आएको छ। (खनाल, २०७०)

जे.ई पार्कका विचारमा यौन शिक्षाले मानवीय विकास र सन्तुष्टि सहितको अर्न्तसम्बन्धलाई बृहत क्षेत्रमा समेटी मानिसलाई विवाह र जिम्मेवारी पूर्ण अभिभावकत्वका लागि तयार पार्ने गर्दछ।

वि.स्वा.संगठन (WHO)का अनुसार यौन शिक्षा एउटा त्यस्तो शैक्षिक कार्यक्रम हो जसले सिकारुलाई जैविक सामाजिक, सांस्केतिक तथा मानव यौनका नैतिक आयामहरुका सम्बन्धमा पर्याप्त तथा उचित ज्ञान प्रवाहको योजना तयार गर्दछ। यौन शिक्षको सारतत्व भन्नु नै मानव यौन तथा एउटा पूर्ण व्यक्तित्वको क्रियाकलाप हो। जसमा मानवप्रजननप्रणालिका अतिरिक्त महिला र मानव प्रजनन प्रणालिका अतिरिक्त महिला र पुरुष हुनुका व्यक्तिगत अनुभवहरु र उनीहरुको समलिङ्गीय र विषमलिङ्गीय सम्बन्धको सम्पूर्ण आयामलाई समेटेको हुन्छ। यसले मानव यौनजन्य व्यवहारका जैविक, सामाजिक, सास्कृतिक तथा नैतिकपक्षहरुलाई स्विकार गरेको हुन्छ। (WHO)

विश्वका सबै जसो देशमा विवाह पूर्व यौनसम्पर्क राख्ने युवा युवतीहरुको जमात बृद्धि भई रहेको छ। साथै ढिलो विवाह गर्ने बढेका छन र समाज पनि खुल्ला हुँदै छ। जसमा आधुनिक सञ्चारका माध्यमहरु प्रमुख भूमिका रहेको छ। हाल एशियाली क्षेत्रका २० प्रतिशत देखि २१ प्रतिशत महिलाहरु १८ बर्षभित्रै, ल्याटिन अमेरीकाका १२ देखि १४ प्रतिशत स्त्रीहरु १६ बर्ष भित्रै र सवसाहार अफ्रिकामा ५२ प्रतिशत स्त्रीहरु १९ बर्ष भित्रै यौन सम्पर्क राखिसकेका हुन्छन्। त्यसै गरी युवाहरुमा पनि एशियाका २४ देखि २५ प्रतिशत १८ बर्ष भित्रै र ल्याटिन अमेरीकाका ४४ देखि ३६ प्रतिशत युवा १६ बर्ष भित्रै र

सर्वसहारा अफ्रिकाका (४५ देखि ७३) प्रतिशत १७ बर्ष भित्रै यौन सम्पर्क राखिसकेका कुरा अध्ययनले पुष्टि गरेको हो (महर्जन, २०६८) ।

अनुसन्धानको विषयमा परिलक्षित हुँदा हामी बर्तमान परिबेशलाई नियाल्दा पाउँछौ कि आज प्रत्येक दिन सञ्चारका माध्यममा यौनहिंसा, बालयौनहिंसा, बलात्कार, हाडनाता करणी, सम्बन्ध विच्छेद, पारिवारिक झैझगडा विखण्डन, बैदेशिक रोजगारीको सिलसिलामा हजारै युवा पिढी विदेशिदा त्यसबाट उब्जिएको सामाजिक विकृति विसंगति जस्तै : परपुरुषगमन, परस्त्रीगमन, लगायत खुलेआम बेश्यावृत्ति, यौनव्यापार मौलाउँदै गरेको तथ्याङ्क रिपोर्ट आदि आखिर किन? मानिसको जीवनमा यौन को स्थान के ? एउटा शिक्षित, बौद्धिक तथा विवाहित दम्पत्ति विच यौनप्रति कस्तो धारणा व्यवहार आचरण र शैली छ । उनीहरुको सोच र पत्रमार्फत समेट्न खोजिएको जानकारी अनुसार उनीहरु कस्तो आचरण र शैली को यौन जिवन रुचाउँदा रहेछन भनेर बुझ्नु नै छ । जुन ज्यादै चुनौति पूर्ण र अप्ठेरोको विषय रहेको छ । किन अधिकांश शिक्षित बर्गपनि यौन क्रियाकलाप, रुचि, अपनाउने दैनिकी लगायत यस बाट सृजित समस्या, यौन हैरानी बारे खेर कुरा गर्न आफ्नो विचार बताउन हिचकिचाउँछ यौनका कुरा गर्नु अश्लिल हो, यो नितान्त गोप्य विषय हो भन्ने तर्फबाट आफूलाई यस सन्दर्भबाट अलग्गै राख्ने परिपाटी व्याप्त छ ।

वर्तमान नेपालमा यौनहैरानी विषयमा महिला पूर्नस्थापना केन्द्र (ओरेक) ले सन् २००८ देखि निरन्तर रुपमा प्रत्येक बर्ष महिलाहिंसा विरुद्ध को बर्ष पुस्तक “अन्वेषी” प्रकाशन गर्दै आइरहेको छ । जस अन्तर्गत वि.सं. २०७१ श्रावण देखि वि.स. २०७२ असार सम्म महिलामाथि हुने हिंसा मध्ये ३.९ प्रतिशत यौनिक हिंसामा परेको तथ्याङ्क प्रकाशित गरेको छ ।

## १.२ समस्याको कथन

जैविक रुपमा स्त्री र पुरुष किशोरावस्थामा प्रबेश गर्दै जाँदा उसमा स्त्री र पुरुष जाटि छुट्याउने अंगहरुमा परिपक्वता प्राप्त हुँदै जान्छ। जसको फलस्वरुप प्रत्येक व्यक्ति (महिला र पुरुष दुवैमा) यौन चाहना आवश्यकता र माग बढ्दै जान्छ । यौन संबेगको तीब्रता स्वरुप सन्तुष्टि प्राप्त गर्न व्यक्तिले विभिन्नता तरिका, विधि अथवा प्रक्रियाहरु प्रयोग गर्दै जान्छ । यसरी यौन संबेगलाई व्यवस्थापन गर्न व्यक्तिले अपनाउने बाटो, गर्ने क्रियाकलाप अथवा अपनाउने उपाय लाईनै व्यक्तिको यौन व्यवहार भनिन्छ । कानुनी सामाजिक र धार्मिक पद्धति अनुरुप पुरुष र स्त्री विच यौनिक सम्बन्धको स्थापनामा मार्ग प्रशस्त गर्ने औपचारिक पाटोलाई नै विवाह भनिन्छ । जुन विभिन्न जातजाति, धर्म, संस्कार, रितिरिवाज र जोडीको सहमतीको आधारमा विविध प्रकारको रहेको हुन्छ । प्रचलित सामाजिक संस्कारअनुरुप मागी विवाह, मागि (गन्धर्ब विवाह) प्रेम विवाह लगायत विविध बाटाहरु अपनाउँदै महिला पुरुष एक सूत्रमा आबद्ध हुने गरिन्छ । जसले एकअर्कालाई प्रेम, स्नेह, आदर, अपनत्व र जिम्मेवारीको भावना प्रदान गर्दछ ।

नेपालको कानुन अनुसार केटीहरु २० बर्षमा र अभिभावकको मन्जुरीमा १८ बर्षमा र केटाहरु २२ बर्ष र अभिभावकको मन्जुरीमा २० बर्षमा विवाह बन्धनमा बाँधिने अधिकार रहेको छ। नेपाल १२३ मातृभाषी र १२५ जातजातिमा आबद्ध विभिन्न सांस्कृतिक, जातीय र धार्मिकतामा आबद्ध राष्ट्र हो। जहाँ विवाह गर्ने उमेर र स्थान विशेषको सामाजिक, आर्थिक, सांस्कृतिक प्रचलन अनुसार विविधतापूर्ण रहेको छ (समसामायिक ज्ञान, ज्ञानेश्वर भट्टराई र साथीहरु)।

जहाँ कानुनी आधारभन्दा पनि अभिभावकको निर्णयले नै सर्वोच्चता पाउँदै आएको छ। हाम्रो देशमा अझै पनि ४० प्रतिशतभन्दा बढी केटीहरुको विवाह १६ बर्षको उमेर नपुग्दै हुने गरेको तथ्य छ। १० देखि १९ बर्ष उमेरका १६ प्रतिशत केटिहरु विवाहित रहेको तथ्याङ्कले देखाएको छ (के.त.वि.)। यसै सन्दर्भमा नेपालले सन् २०२० सम्मा बालविवाह अन्त्य गर्ने घोषणा गरेको छ। १० बर्ष भन्दा माथिको विवाहितको तथ्याङ्क ५७.५ प्रतिशत रहेको छ भने (१५-१९) बर्षको उमेरमा पहिलो विवाह गर्नेहरु ४८.९ प्रतिशत रहेका छन भने पहिलो विवाह हुने सबैभन्दा ठूलो समूह (१५-१९) बर्ष रहेको छ। (राष्ट्रिय जनगणना २०६८)

२६४९४५०४ जनसङ्ख्या मध्ये पुरुष कुल जनसङ्ख्याको १२८४९०४१ (४८.५०) महिला १३६४५४६३ (५१.५० प्रतिशत) रहेको छ। (राष्ट्रिय जनगणना २०६८ अनुसार) जनसङ्ख्या बृद्धि दर १.३५ रहेको छ।

सामान्यता लेखपढ गर्न सक्ने र बुझेका कुरा एक आपसमा राम्ररी सम्प्रेषण गर्न सक्ने तथा साधारण हरहिसाव गर्न सक्ने व्यक्तिलाई साक्षर (शिक्षित) भनिन्छ। नेपाल सरकार मन्त्रीपरिषद्को २०६९ भाद्र १४ गते स्वीकृत साक्षर नेपाल अभियानले साक्षरताका १२ वटा आधारहरु तोकिदिएको छ भने औपचारिक शिक्षा तर्फ शिक्षाका आधारभूत तह, माध्यमिक तह र उच्च शिक्षाका तहहरु रहेका पार गरेका सम्पूर्ण व्यक्तिलाई साक्षर (शिक्षित) समुदाय अन्तर्गत राखिन्छ। हाल ५ बर्ष माथिको साक्षरता दर ६५.९ प्रतिशत छ। त्यसमध्ये पनि एस.ई.इ. तह उत्तिर्ण गर्नेहरु १०.२ प्रतिशत छन भने उच्च शिक्षा प्राप्त गर्ने समुदायपनि १०.२ प्रतिशत रहेको छ। (राष्ट्रिय जनगणना २०६८ अनुसार)

यस्तै चालू १४ औं योजना (२०७३-०७८) ले योजनाको अन्तमा १५ बर्ष माथिको साक्षरता दर ८५ प्रतिशत र १५-२४ बर्ष उमेर समुहको साक्षरता दर ९२ प्रतिशत पुर्याउने लक्ष्य लिएको छ भने बर्तमान शैक्षिक योजना (SSDP)ले पनि साक्षरता दर ६ बर्ष माथिको ७८ बाट ९० पुर्‍याउने र (१५-२५) बर्ष माथिको साक्षरता दर ५७ बाट ८० प्रतिशत पुर्‍याउने लक्ष्य राखेको छ। जसको फलस्वरुप हाम्रो देश शिक्षित समृद्ध र (खुसी को सुचक) आधारहरुमा शिक्षा, आर्थिक सुरक्षामा हाल ९९ औं स्थानबाट उठेर ५० को हाराहारीमा आउने छ। भने दक्षिण एशियाकै तेस्रो स्थानमा पर्न खुसी राष्ट्रको श्रेय साक्षरताको बृद्धिलाई जानेछ (समसामायिक ज्ञान, ज्ञानेश्वर भट्टराई र साथीहरु)।

यसरी यस शोधपत्रको विषय पनि मानवजीवनमा आनन्द, खुसी, उत्साह र उमङ्ग भन्ने नितान्त व्यक्तिगत तत्व यौनिकता, यौनसम्बन्ध व्यवहार जीवनशैली आचरण र क्रियाकलाप रहेका छन्।

जुन शिक्षित भन्नाले न्यूनतम १२ कक्षा उत्तीर्ण विवाहित जोडीहरुको यौनव्यवहारसँग सम्बन्धित रहेको छ । यौनव्यबहार, स्वभाव क्रियाकलाप एक स्वाभाविक, प्राकृतिक र मानिसको आधारभूत आवश्यता भित्र पर्दछ (अब्राहम मास्लो) ।

बर्तमान समाजमा व्याप्त यौन हिंसा दुर्व्यवहार बलात्कार, जबरजस्ती करणी, सम्बन्ध विच्छेद, मनमुटाब घरेलु यौन हिंसा आदि जस्ता पक्षहरुलाई मनन गर्दै एउटा शिक्षित विवाहित व्यक्तिहरु यौन प्रति कस्तो धारणा राख्दछन् । उनीहरुको यौन शैली आचरण सोच र यौन जन्य क्रियाकलापहरु कस्ता कस्ता रहेका छन? पारिवारिक मेलमिलाप र सौहार्दपूर्ण पारिवारीक बाताबरण सृजनामा यौनजन्य क्रियाकलापको अभ्यास कस्तो छ । प्रत्येक शिक्षित विवाहित यौन जोडीको जिवनमा यौन क्रियाकलापको स्थान, महत्व आवश्यकता कस्तो महशुस गरिएको हुँदो रहेछ भन्ने सोच बुझ्न पनि उक्त विषयलाई मैले अध्ययनको विषयमा छनोट गरेकी छु । जसमा नमुना सर्बेक्षणका निमित्त शिक्षित विवाहित जोडी विशेषतया क्याम्पस लगायत विद्यालयका शिक्षकशिक्षिका व्यापारी, सुरक्षाकर्मी, स्थानीय व्यक्ति लगायत गृहिणीहरुलाई तथ्याङ्क संकलनका आधारका रुपमा लिएको छ ।

यस अध्ययन कार्यले शिक्षित बर्गको यौनजीवन यौनशैली, सोच व्यवहार, आचरण र सुझाव कस्तो रहेको छ भन्ने जानकारी हासिल गर्न मद्धत गर्ने छ ।

## १.३ अध्ययनको उद्देश्य

बर्तमान परिस्तिथिमा शिक्षित विवाहितहरुको यौनिक व्यवहार, आचरण शैली यसले समाजमा पारेको असर बारे अध्ययन गर्नु नै यसको साधारण उद्देश्य हो भने यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्न लिखित रहेका छन् ।

१. शिक्षित विवाहिताहरुको यौनजन्य व्यवहार पत्ता लगाउनु ।

२. शिक्षित विवाहितको यौनजन्य व्यवहारले उनीहरुको सम्बन्धमा पारेको असरबारे अध्ययन गर्नु ।

## १.४ अनुसन्धनात्मक प्रश्न

माथिउल्लेखित उद्देश्यहरुको प्राप्तिका निमित्त अनुसुची १ बमोजिमका अनुसन्धनात्मक प्रश्नहरुको उत्तर खोज्ने प्रयास गरिएको छ । उक्त प्रश्नहरु निम्न बमोजिम रहेका छन :

क. यौन स्वास्थ्यवारे रहेको ज्ञान कस्तो रहेको छ ?

ख. संयमित र सन्तुलित यौन आचरणका निमित्त अपनाईएको जीवनशैली कस्तो रहेको छ?

ग. जीवनसाथीका आकर्षक बानी, व्यवहार र जीवन शैली बारे कस्तो ज्ञान रहेको छ?

घ. असमान्य यौन व्यवहारले एक अर्काको सम्बन्धमा कस्तो असर परि रहेको हुन्छ?

ङ. परिवार नियोजनका साधनहरुको प्रयोगकको अवस्था कस्तो रहेको छ ?

च. बैदेशिक रोजगारी/अन्य कुनै काम विशेषले छाडा बस्ने जोडी विच बढदो बेश्यागमन प्रति कस्तो धारणा रहेको छ ?

छ. यौन क्रियाकलाप मानवीय जीवनमा किन आवश्यक हुन्छ भनी रहेको धारणा बारे बुझ्न?

## १.५ अध्ययनको महत्व

प्रस्तुत शोधपत्र अध्ययन विषय शिक्षित विवाहिताहरुको यौनव्यवहारअन्तर्गत त्यस्ता जोडिहरुको यौनप्रतिको धारणा व्यवहार, आचरण, विचार, जीवनपद्धति बारे अवगत हुँदै, समाजमा व्याप्त यौनजन्य अपराध, हिंसा, बलात्कार, सामाजिक व्यभिचार लाई घटाउने तर्फ कस्ता उपाय सृजना गर्न सकिन्छ भन्ने बारे नै पृष्ण पोषित रहने छ। जस अन्तर्गत :

१. यस अध्यनले शिक्षित विवाहितहरुको यौनजन्य व्यवहार, अभ्यास र शैली, आचरण बारे बुझ्न मद्दत गर्ने छ।

२. मानिसको देखिने व्यवहार र उसको वास्तविक यौनजन्य शैलीले उत्पन्न दुविधाजनक स्थितिको खुलासा गर्न सहयोगी सिद्ध हुनेछ।

३. व्याप्त सामाजिक विकृति, यौनजन्य विसङ्गती र यसले समाजलाई कुन दिशामा डोर्याउन सक्ला भन्ने अनुमान लगाउन सहायक सिद्ध हुनेछ।

४. यौनजन्य आधुनिक साधनको प्रयोग सङ्कलन र त्यसतर्फको बढदोचासो तर्फ सरोकारवालाको ध्यान आकृष्ट गर्न सहयोगी सिद्ध हुनेछ।

५. भविष्यमा उक्त विषयमा अध्ययनअनुसन्धान कार्यमा सलग्न हुन चाहनेलाई एक दरिलो सन्दर्भ सामग्रीको रुपमा प्रयोग गर्ने आधारको रुपमा लिन सकिनेछ।

६. सानो प्रयास, सीमितसङ्ख्या निचोड अध्ययन विषयबस्तुको प्रकृतिले भएपनि यौनस्वास्थ्य सँग संलग्न विभिन्न पक्षलाई जनचेतनामूलक, चेतनाबर्धक स्वास्थ्य यौन आचरण अपनाउन सहायक सिद्ध हुने खालका कार्यक्रम निर्माण गर्न सहयोगी सिद्ध हुनेछ।

## १.६ अध्ययनको परिसीमा

अध्ययनको निम्ति निम्नलिखित परिसीमा निर्धारण गरीएको छ।

क. इटहरी उपमहानगरपालिका अन्तर्गत अवस्थित विभिन्न शिक्षित बर्ग, शिक्षक शिक्षिका, व्यापारी, सुरक्षाकर्मी, गृहिणीलाई अध्ययनका क्षेत्रका रुपमा लिइएको छ।

ख. उक्त क्षेत्रका शिक्षित विवाहितहरुको यौनजन्य व्यवहार, धारणा र उक्त सन्दर्भले मानव जिवनमा पारेको प्रभाव र असरबारे मात्र अध्ययन अनुसन्धानको बिषय रहेको छ।

## १.७ प्रयोग भएका पारिभाषाका शब्दावली

| | | |
|---|---|---|
| अश्लिल चित्र | = | यौनसम्पर्क गर्दै गरेका चलचित्र तथा ब्लु फिल्म |
| किशोरावस्था | = | १३ बर्ष देखि १९ बर्षसम्मको अवधि |
| छिटो विवाह | = | २० बर्ष भन्दा कम उमेरमा हुने विवाह |
| बलात्कृत | = | आफ्नो इच्छा बिपरीत कसैले जबरजस्ती यौनसम्पर्क गर्नु |
| अन्धवेग | = | आफूले थाहा नपाई अकस्मात् उत्पन्न इच्छाशक्ति |
| उन्माद | = | एक प्रकारको अस्वाभाविक रुपमा प्रकट हुने तिब्र संबेग |
| के.त.वि. | = | केन्द्रीय तथ्याङ्क विभाग |
| जनसङ्ख्या | = | कुनै निश्चित क्षेत्रमा निश्चित सममया रहेका मानिसहरुको जम्मा संख्या |
| गिज्याउनु | = | यौनसम्बन्धी कुरा गरेर जिस्क्याउनु |
| यौन जन्य | = | यौनसम्बन्धी कुरा |
| यौन | = | महिला र पुरुषवीच हुने जैविक भिन्नता (सिग्मण्ड फायड १९९५) |
| वासना | = | यौनसम्बन्धी हुने गरेका गलत क्रियाकलाप |
| हिचकिचाउने | = | आफूमा भएको पीडा अरुलाई खुलस्त रुपमा सुनाउन डर मान्नु |
| यौन हैरानी | = | अर्काको अनुमति र इच्छा विपरीत शाब्दिक र शारीरिक रुपमा यौन आशयले हैरान गर्नु |
| हस्त मैथुन | = | युवा वा किशोर/किशोरी विवाहित पुरुष वा महिलाले आफ्ना यौन चाहना आकाक्षालाई मेट्नका लागि गरिने विभिन्न क्रियाकलापलाई हस्तमैथुन भनिन्छ जस अन्तर्गत पुरुषले आफ्नो लिङ्ग हातले हल्लाएर वा कुनै नरम बस्तुमा गड्ने गर्दछन् । महिलाले आफ्नो योनिलाई हातका औंलाले खेलाएर रगडेर वा कुनै लिङ्ग आकारको बस्तुले घर्षण गर्ने प्रक्रिया आदि । |

| | |
|---|---|
| यौनहिंसा = | किशोर किशोरी वा विवाहिताहरुले पनि आफ्नो यौन प्यास मेटाउन गर्ने विभिन्न हिसात्मक गतिविधिहरु जस्तै हाडनाता करणी, बलात्कार, बेश्याबृत्ति, बालयौन दुराचार र यौन पिडा आदी । |
| भिरिङ्गी = | असुरक्षित यौन सम्पर्कका कारण ट्रिपोनेमा पालिडम भन्ने तत्वका कारण लाग्ने एक डरलाग्दो यौनरोग |
| गोनोरिया (सुजाक) = | यौन सङक्रमित रोग (कारक तत्वमा नाइजेरिया गोनोकोकस भन्ने जीवाणु) |
| एड्स(AIDS)= | यौन सङ्क्रमित रोग जुन रेट्रो भाईरस समुहको RNA भाईरस को सङ्क्रमणबाट हुन्छ । |
| परिपक्वता = | परिपक्वता त्यस्तो प्रक्रिया हो जसबाट प्राणीको अर्न्तनिहित क्षमता कार्यगत तयारीपनमा पुग्दछ । |

# परिच्छेद दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

## २.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

शिक्षित विवाहितहरुको यौन व्यवहार शीर्षकमा अनुसन्धान अगाडि बढाउन व्यक्तित्व विकासको सिद्धान्तको सिद्धान्तकार एवम यौन मनोविश्लेषणवादी बैज्ञानिक सिग्मण्ड फ्रायडको सिद्धान्तलाई आधार मानिएको छ ।

फ्रायडको सिद्धान्तको प्रमुख पाटो यौन हो । यौन एउटा संबेदशील शब्द हो । साधारण बुझाइमा यौन स्त्री र पुरुष वीचको गोप्य शारीरिक क्रियाकलाप हो । तर फ्रायडले यौनलाई शारीरिकसम्पर्कको आधारमा मात्र व्याख्या गर्दैनन । उनकाअनुसार यौन सन्तान उत्पादन गर्ने प्रक्रिया मात्र होइन, शरीरका सम्पर्क बाट प्राप्त गर्ने कुनै पनि किसिमको आनन्द हो । वास्तवमा यौनले एउटा फराकिलो क्षेत्रलाई समावेश गर्दछ । यस्ता क्रियाकलापमा यौनसम्पर्कदेखि लिएर व्यक्तिले गर्ने सबै सृजनात्मक तथा कलात्मक व्यवहारहरु समेत पर्दछन् । यसर्थ यसमा शारीरिक सम्पर्क मात्र नभएर शुद्ध वासनाभन्दा परका क्रियाकलापहरु समेत पर्दछन् । (भट्टराई, २०६८)

यौनवासना एउटा स्वभाविक प्रबृत्तिको संवेग हो । यसलाई मानवशक्तिको प्रवाह पनि मान्न सकिन्छ । यौनकामना सम्भोगको मात्र पनि व्यक्त हुँदैन । यौनमा सहानुभूती, प्रेम, त्याग, अनुशासन जस्ता पवित्र मित्रताको सम्बन्ध तथा सकारात्मक मनोभावना पनि हुन्छ । त्यसैले यौन एवम् यौनिकता एउटा मनोभावनात्मक आन्तरिक शक्ति एवम बेग हो । यसलाई सकारात्मक मार्गतिर डोर्‍याउने एवम् मानवजीवन सार्थक हुन्छ अन्यथा लज्जास्पद र पीडादायी हुन सक्छ (सेरचन र उप्रेती, २०६८) ।

मानिसका आन्तरिक संवेगहरुमध्ये यौन संवेगहरु(Sex instincts)सबैभन्दा महत्पूर्ण रहेको हुन्छ । जसअन्तर्गत यौन चाहना (Sex Desires)ले मानवजीवनका सम्पूर्ण क्रियाकलापहरुलाई आत्मासाक्षात्कार गर्दछ तब मात्र मानिसले सन्तुष्टि प्राप्त गर्दछ । Sex Desireपूरा नभएमा मानिस गलत आचरण, व्यवहार र विकृत यौनजन्य क्रियाकलापमा विस्तारै विलय हुँदै जान्छ र परिणामस्वरुप समाजमा यौनविकृति, बेमेल, झैझगडा, मनमुटाव सम्बन्धविच्छेद बलात्कार तथा यौनजन्य अपराध बढेर जान्छ (रेग्मी र साथीहरु २०६७) ।

मानिसको यौन व्यवहारले उसका जीवनको सबै पक्षमा प्रभाव पार्दछ । मानिसको यौन व्यवहार सकारात्मक नभएमा यसले जीवनमा नकारात्मक असर पर्दछ । यौन जैविक र प्राकृतिक कुरा हो भोक तिर्खा र निद्रा जस्तै यौन आधारमुत आवश्यकता हो । यसलाई दवाएर राख्न मिल्दैन । दबाएमा ज्वालामुखी जस्तै विस्फोटन हुन्छ भन्ने मान्यता छ । समाजमा असामाजिक कार्य गर्दा अनुशासनमा नबस्दा, असुरक्षित यौन क्रियाकलापमा लाग्दा अनेक समस्याहरु बृद्धि हुन्छन् । (महर्जन, ०६५)

विवाह गर्ने उपयुक्त उमेर भन्नाले शारीरिक, मानसिक, सामाजिक र आर्थिक रुपमा सबल भएपछि मात्र विवह गर्नु भन्ने बुझिन्छ। प्रजनन स्वास्थ्यका दृष्टिले महिलाका लागि विवाहको सही उमेर २० बर्ष र पुरुष २५ बर्ष मानिन्छ। जुन समय प्रजनन अङ्ग परिपक्व भई शारीरिक बृद्धिका हिसाबले सन्तुलित उमेर मानिन्छ। तर मुलुकी ऐनले अभिभावकको अनुमति भए दुवैको १८ बर्षको उमेरमा र अभिभावक को मञ्जुरी नभएमा २० बर्षमा विवाह गर्ने उपयुक्त मानेको छ (सामाजिक अध्ययन, २०७०)।

सार्क देशहरुमा विवाहको कानुनी उमेरलाई हेर्दा नेपालमा केटीहरुको १८ बर्ष र केटाहरुको उमेर २१ बर्ष हुनुपर्ने उल्लेख छ। विश्वका औद्योगिक वा विकसित देशहरुमा विवाहको मुल्यमान्यता, धार्मिक विश्वास तथा परम्परालाई भन्दा शिक्षा, तालिम र रोजगारी प्राप्त गरी आफ्नो खुट्टामा उभिन सक्ने अवस्थालाई बढी महत्व दिईन्छ। दम्पत्तिको दाम्पत्यजीवन सुखमय हुनु पनी जीवनस्तर माथि उठ्नु हो। ती देशहरुमा छोराछोरीलाई सानो उमेरमा नै विवाह गरीदिने छोराछोरीमा लैङ्गिक भेदभाव राख्ने तथा छोरालाई बढी प्रांथमिकता दिने गरीदैन। (जनसंख्या शिक्षा, २०७२)

विवाहलाई सामाजिक बन्धन पनि भनिन्छ। जनसङ्ख्यामा परिबर्तन ल्याउने तथा प्रभाव पार्ने तत्वहरुमा विवाह पनि एक कारक तत्व हो। समाजको मूल्य, मान्यता र धार्मिक विश्वास तथा परम्परा भित्र विवाह पर्दछ। जसले जनसंख्या बृद्धिमा सहयोग गर्छ। परम्परादेखि विवाहको निकै महत्व छ। फलस्वरुप महिलाको रजस्वलापूर्व विवाह गरिदिने जसले गर्दा यौनजीवन लम्बिने, सानै उमेरमा गर्भ धारण गर्ने जसले गर्दा महिलाको स्वास्थ्यमा प्रतिकुल असर पर्दछ। जसको प्रत्यक्ष असर जन्मने सन्तान र दम्पत्तिको सुखद बैवाहिक जीवनमा अवरोध पुर्याउन सहयोगी सिद्ध हुन्छ। (जनसंख्या शिक्षा, २०७२)

नेपालको संविधान २०७२ को भाग ३ मौलिक हक अन्तर्गत धारा ३८ महिला सम्बन्धी हकको व्यवस्था छ सामान बंशीयहक, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थयको हक, यौनजन्य हिंसा, शोषण विरुद्ध को हकको व्यवस्था छ। धारा ३१ मा शिक्षा सम्बन्धिहकको व्यवस्था छ। जस अन्तर्गत प्रत्येक नागरिकले आधारभूत शिक्षामा पहुँचको हकको व्यवस्था छ। धारा १८ समानताको हक व्यवस्था छ। (नेपालको संविधान, २०७२)

लैङ्गिक समानता र लैङ्गिक हिंसा अन्त्य गर्न मुलुकी ऐन २०७२ को महल १३ मा करणी सम्बन्धि व्यवस्था छ। जसमा इच्छा बिपरीत यौन जन्य व्यवहार, अवान्छित वा अर्मयादित व्यवहार वा यौन दुर्व्यवहार गरेमा सजायको व्यवस्था गरेको छ भने पिडित लाई मनासिब क्षतिपूर्तिको व्यवस्था पनि स्पष्ट सँग छ। त्यस्तै १३ महल कै ५ नम्बरमा आफु वा गैर कानुनी करणी गर्न स्वास्नी मानिसलाई फकाउने र बेश्या गमनको लागि सम्पर्क यस व्यवस्था गरीदिनेलाई तीन बर्ष सम्म कैद र तीस हजार रुपैया जरिवाना सम्म हुनेछ। (श्रेष्ठ, २०७३)

आम नेपाली लाई सेक्स गर्न आउँदैन (डा.अरुणा कुवर साप्ताहिक दैनिकी)।

महर्जन (२०७३) मा अहिलेका युवाहरु भविष्यका कर्णधार हुन र भविष्यमा देशको विकास कार्य तथा जिम्मेवारी अहिलेका युवकहरुको काँधमा छ । युवावस्थामा रोगी, असक्षम कुण्ठित, निस्कृय युवा भोलि देशका निम्ति फलदायी सिद्ध हुन अवरोध सृजना हुनेछ तसर्थ युवाबर्गलाई यौनिक रुपमा सक्रिय हुनुपुर्व नै यौनिकता तथा प्रजजनस्वास्थ्य बारे शिक्षा दिनु पर्दछ (युनेस्को २००९ ले जनाएको छ) ।

परापुर्बकाल देखि नै मानिसले यौनजीवन आनन्दित तुल्याउन विभिन्न क्रियाकलाप, व्यवहारहरु प्रयोग गर्दै आइरहेको छ । विभिन्न ऋषिमुनि लगायत राजा रजैाटाहरुको दैनिकी पनि यौन रास लिलाले लिप्त रहेको अध्ययनले देखाउँछ । जति लुकाउने खोजे पनि व्यत्ति आफ्नो यौन जीवन आनन्दित तुल्याउन विभिन्न प्रयास गरीरहेको हुन्छ । सम्भोग कलालाई रुचिपूर्ण कलात्मक र आनन्दपूर्ण तुल्याउन विभिन्न यौनआसन (सम्भोग कला) को प्रयोग व्यक्तिले बडो चाख र तल्लीनताका साथ अपनाईरहेको हुन्छ । जसअन्तर्गत थुप्रै-थुप्रै सम्भोगकलाहरु बारे प्रष्टाइएको छ : जस्तै सम्भोगकला अन्तर्गतका प्रचलित यौन आसनहरु राजहंस, अर्धपद्मासन, नागबेली, योनीमुख संभोग, शीर्षासन, लहरातन्त्र, बंदेला, धक्का हल्लने कुर्सी, चक्रीय सम्भोग आसन आदि (डा. सुबोध कुमार पोखेलको सम्भोगकला बाट साभार गरिएको) ।

नेपाल हाल यौनका मामलामा विस्तारै खुल्दैछ । अहिले त लिभिङ्ग टुगेदर पनि आइसक्यो । सुरक्षित यौनसम्पर्कका लागि विभिन्न साधनको विकास भएका छन । तर, हामीले ती साधनलाई उपयुक्त ढंगले प्रयोग गर्न जानेनौ । यौन सामग्रीमा नेपालीको पनि पहुँच भयो तर त्यसलाई कसरी उपयुक्त ढंगले प्रयोग गर्ने भन्ने ज्ञान चाँहि हामी सँग भएन । अब हाम्रोमा यौन शिक्षा दिन जरुरी छ । हाम्रोमा यौनशिक्षा नै छैन । विद्यालयमा यसमाथि कमै पढाईन्छ । परिवारमा यसबारेमा बोल्दै बोदैन । बरु लजाईन्छ । धम्क्याइन्छ । यौनबारे कुरा गर्दा समाजमा उसलाई हेर्ने दृष्टिकोण मै परिबर्तन हुन थाल्छ । त्यसैले आउनुस हामी खुलेर यौन शिक्षा र यसका समस्या बारे कुरा गरौ (डा. सुमनराज ताम्राकर, अन्नपूर्ण पोष्ट, शुक्रवार २५ फाल्गुण २०७४)

## २.२ संज्ञानात्मक साहित्यको पुनरावलोकन

व्यक्तिको व्यवहारमा सकारात्मक परिबर्तनल्याई सामान्जस्यपूर्ण जीवनयापन गर्नको लागि मानव व्यवहार परिबर्ततका विभिन्न सिद्धान्त तथा नमुनाहरुको विकास भएको पाईन्छ । जसको प्रयोग प्रत्येक व्यक्तिको दैनिक व्यवहारमा सकारात्मक ल्याउन फलदायी सिद्ध हुनेछन् । शिक्षित बर्गका विवाहित जोडीहरुको नितान्त व्यक्तिगत पाटो यौनजीवन भएतापनि सन्तुलित, संयमित अनुशासित यौनजिवन विताउन प्रत्येक जोडि एक आपसमा इमान्दार असल साथी, स्वतन्त्र विचारका पृष्ठपोषक भै यौन सन्तुष्टि आनन्द र रुचिपूर्ण व्यवहारको अबलम्बन गर्दै स्वास्थ पूर्ण जिवन जिउने मानिसको प्रमुख लक्ष्य बन्नु पर्दछ । विवाह स्त्री पुरुषवीचको कानुनी मान्यता प्राप्त सामाजिक धार्मिक आस्थाले स्विकृत सुरक्षित यौन जिवन अपनाउने एउटा परिपक्व लाईसेन्सको रुपमा रहदै आएको छ । शिक्षित बर्गविच, उचित उमेर

(समयावधिमा) गरिएको विवाह र स्वास्थ्य यौनआचरणले व्यक्तिलाई सन्तुलित, मर्यादित र सकारात्मकता तर्फ डोहोर्‍याउने विचारका साथ यो अनुसन्धान उक्त विषयहरुको खोजि नीति गर्ने प्रयास गरिएको छ ।

विवाह, यौन व्यवहार, यस विभत्र संलग्न बर्तमान प्रकाशित तथ्याङ्कहरु निम्न रहेका छन् :

१. सेभ द चिल्ड्रेनका अनुसार विश्वमा हरेक ६ सेकेण्डमा १५ बर्ष मुनिका एक बालिकाको विवाह हुने गरेको छ ।

२. त्यस्तै १० बर्ष भन्दा पनि कम उमेरमा आफू भन्दा धेरै उमेरको पुरुषसँग विवाह गर्न बाध्य पारिन्छ ।

३. नेपाल बाल मजदुर सरोकार केन्द्र सिविनले सार्वजनिक गरेको प्रतिबेदन अनुसार नेपालमा ३७ प्रतिशत विवाह १८ बर्ष नपुग्दै र १० प्रतिशत विवाह १५ बर्ष नपुग्दै हुने गरेको प्रतिबेदनमा उल्लेख छ । (उज्यालो अनलाईन २०७३)

४. १८ बर्ष मुनिका धेरै व्यक्तिहरु असुरक्षित यौन व्यवहारमा लाग्ने, ब्लुफिल्म, अस्वस्थक पत्रपत्रिका, टिभी आदिको माध्यमबाट चाडै यौनिक गतिविधिमा होमिन पाइएको छ । (युनेस्को २००४)

५. केन्द्रीय बाल कल्याण समितिका अनुसार आर्थिक बर्ष २०७२।०७३ मा प्रहरीमा दर्ता भएका १ हजार ९० वटा करणी (बलात्कार) को घटनामा ६२.५ पिडित १८ बर्ष मुनिका बालबालिका थिए । (nagariteenew.com बुधवार ९ फाल्गुण २०७४)

६. आजका बालबालिकाहरु जताततै व्याप्त यौन जन्य हर्कतको चपेटामा परिरहेका छन, यौन प्रदुषण । (शिक्षक म्रसिर २०७३ www.teacher.org.np)

त्यसो त हामी अनेक प्रकारका शोषणका कुरा गर्छौं खुलेर नहिचकिचाइकन तर बाल यौन शोषण, विवाहितहरुको घरमै यौनशोषण देवर, जेठाजु, ससुरा लगायत नातेदारबाट भएको यौनहिंसा बारे आजपनि हामी खुलेर विरोध गर्न सक्दैनौ । त्यस विरुद्ध कार्वाही हुनुपर्छ भन्ने सोचाई हाम्रो मनमा आउँदैन । त्यसलाई सामान्य रुपमा लिन्छौ (यौन प्रदुषण लेख शिक्षक, मंसिर २०७३) ।

समाजमा यौन पिपासुहरुको दवावले नारीको बाँच्ने अधिकारमाथि प्रहार भएको छ । अवचेतन मनको कामुकतालाई आफूभन्दा कमजोर बालिका, नारीमाथि अन्धो भएर पोख्ने प्रकृति बढेर गएको छ । बर्तमान सन्दर्भमा प्रविधिले जन्माएको अर्को पिडा भित्र यस्ता कुकर्म गाँसिन पुगेका छन् । मासिनले विज्ञान प्रविधिको दुरुपयोग गर्दै छाडा प्रबृत्ति र तामसी व्यवहारलाई आत्मसाथ गर्दै लगिरहेको छ । यौनिक, विषय मानिसका आवश्यकता भए पनि आजभोलि यसको दुरुपयोगले समाजनै कलुषित हुँदै जादै छ । तीब्र यौनइच्छा, कामुकता र अन्धवेग अनि भड्किला पहिरन अश्लिल चित्र, सिनेमा र संचार सम्प्रेषणले मानिसले आफ्नो रुप विर्सदैछ । विकृतितर्फ संक्रमित सामाजिक सोच र विसङगतिले भाइचारा र बन्धुत्व र सहकार्य नभई अशान्ति, कुकृत्य र अमानविय यौनिक हिंसा दिनानुदि बढ्दै गै रहेको स्थिती छ (किन बढ्दैछ बलात्कार? अन्नपूर्ण पोष्ट, विहिवार १७ फाल्गुण २०७४) ।

बलात्कारको पछिल्लो ट्रेन्ड प्रविधिसँग जोडिन थालेको छ । बालिकाको केश बाहेक बलात्कारका अधिकांश मुद्धामा टेक्नोलोजिकै कारण भेटिएको छ । छोटो समयमा सबै कुरा चाहने कारणले बलात्कारको घटना बृद्धि भईरहेको हुन्छ । (प्रबिधिको दुरुपयोगबाट बलात्कार बढ्दै छ (ब्लाष्ट दैनिक पत्रिका, शुक्रवार १८ फाल्गुण २०७४) ।

नेपाल प्रहरीको केन्द्रीय तथ्याङ्कका आधारमा महिला तथा बालबालिकाको पञ्चबर्षिय मुद्धा केलाउँदा आर्थिक बर्ष २०६८।०६९ मा एक हजार १२३ बलत्कारका अपराध भएको मा आ.व. २०७२।०७३ मा २ हजार २९३ रहेको आँकडा छ (ब्लाष्ट टाईम्स दैनिक शुक्रवार १८ फाल्गुण २०७४) ।

सम्भोग हामी सबैको आवश्यकता हो । तनाव कम गर्ने, व्यवस्थित व्यक्तित्व विकास गर्ने र आफ्नो जीवन साथी यौनसाथी प्रति प्रेम प्रकट गर्ने यो उपयुक्त माध्यम पनि हो । विज्ञहरु भन्दछन मानिसले आफ्नो जीवनकालमा फुर्सदको समयमा साला खाला सात मिनेटमा एक पटक सम्भोग वा त्यसको सेरोफेरोमा सोच्दछ । चिकित्सकहरु सम्भोग शारीरिक र मानसिक स्वास्थयका लागि जरुरी भएको स्वीकार गर्दछन। सम्भोग द्वारा चरमोत्कर्षमा पुगि स्खलित हुँदा हाम्रो शरीमा आन्नदको पैदा गर्ने इन्डोफिन नाम गरेको तत्वको बाढि आउँछ । जसले मनको थकानलाई हराएर हामीलाई बढि स्वास्थय, सक्षम र आभायुक्त बनाउँछ ।

युगौ देखि सम्भोग सँग सम्बन्धित विषयलाई खुला छलफलका लागि अनुपयुक्त मानिदै आएपनि यसले हाम्रो जिवन, कला र संस्कृतिमा अत्यन्त ठुलो प्रभाव पार्दै आएको छ । प्राचिन नेपाल तथा भारतीय काष्ठकला, मुर्तिकला, हस्तकला र चित्रकला टुडालमा कुदिएका चित्र आजको आधुनिक युगमा पनि उच्च महत्वका सामग्रीहरु मानिन्छन् ।

सम्भोगले मानवीय अस्तित्वका लागि आवश्यक तीनवटा उद्देश्यहरु पुरा गर्दछ ।

१. बंश बृद्धि

२. प्रणय सम्बन्धको विकास र त्यसको निरन्तरता

३. सहजता युक्त मनोरञ्जन

(स्रोत : डा. सुबोध कुमार पोखेल सम्भोग कला नव संस्करण)

जब यौन जोडिहरु यौन आकर्षण र प्रेम घट्न थाल्दछ अथवा जोडि मध्ये कुनै एक यौन आकर्षणमा ह्रास आउँछ उनीहरुविच को सम्बन्ध समस्या ग्रस्त बन्न पुग्दछ । ती मध्ये निम्नलिखित तीन अवस्थाहरु प्रमुख कारक तत्वका रुपमा निम्न छन :

क. घरायसी अथवा पेसागत कार्य व्यवस्थताद्वारा उत्पन्न तनाव

ख. जोडिविच क्षणिक रिसराग अथवा दीर्घकालिन उत्पन्न तनाव

ग. एक आपसमा छलफलको कमी अथवा एक अर्काका यौन समस्या समाधान गर्ने संकोच ।

(स्रोत : डा. सुबोध कुमार पोखेल सम्भोग कला)

बरिष्ठ मनोविद् अरुणा कुँवरका अनुसार समाजमा हिंसाका स्वरुप बदलिदै गएका छन् । समाजमा तीब्र यौनइच्छाका कारण बलात्कार हुन्छ । उनी भन्छिन तीब्र यौनइच्छाका साथै रिस, बदलाको भावनाले गर्दा पनि पुरुष यौनहिंसा गर्न तत्पर रहन्छ । (nagariknews.com, Friday 2 March 2018)

श्रीमान, श्रीमतीको पारस्परिक सम्बन्ध देखि लिएर शारीरिक सम्बन्धले पनि उनीहरुको दाम्पत्य जीवनमा अहम भूमिका निर्वाह गरेको हुन्छ । दाम्पत्य जीवनमा हुने शारिरीक सम्बन्धमा कतिपय असन्तुष्टिहरु पाईन्छन जसले उनीहरुको दाम्पत्य जीवनमा खलल पुर्याईरहेको हुन्छ । (विवाह, पारिवारीक सम्बन्धर सम्बन्ध विच्छेद (पूर्वी हटलाईन, २०७४ फाल्गुण २१ गते सोमवार) ।

सेक्स गर्ने निश्चित समय छैन । उपयुक्त समय र परिस्थिती अनुसार आफ्नो पार्टनरको मुड हेरेर अघि बढ्दा बढि उपयुक्त हुन्छ । इटलीमा गरिएको एक अध्ययन अनुसार विहानको समयमा सेक्स हर्मोनको मात्रा बढि उत्पन्न हुने हुँदा विहानको सेक्सले दाम्पत्य यौनिक सम्बन्ध लाई खुसी, स्वास्थ्य र व्यायाम सहित गराउनाले शरीरको मोटापना घट्न समेत सहयोग गर्दछ (एजेन्सी By nepkhabar. March 4, 2018) ।

## २.३ साहित्यीक पुनरावलोकनको अध्ययनमा प्रयोग

कुनै पनि विषयबस्तुमा गरिने अध्ययन अनुसन्धान कुनै न कुनै सिद्धान्तमा आधारित रहने भएकोले प्रस्तुत अध्ययन अनुसन्धाका लागि आधार दर्शनको खोजी गर्ने क्रममा विभिन्न चिन्तन, मनोविद यौनमनोविदहरुको विचार धारणा र सिद्धान्तलाई आधार लिएर तथ्याङ्कलाई व्याख्या र विश्लेषण गरीने छ ।

पुरनावलोकन भरिएका साहित्यले प्रस्तुत अनुसन्धानका लागि केहि हदसम्म बाटो पहिल्याउन मद्दत गरेका छन् । यीनै स्रोत र साधनका माध्यमबाट प्रस्तुत अनुसन्धानको क्षेत्रमा पनि तुलनात्मक अध्ययन गरी मापन गर्न सजिलो हुन्छ । प्रस्तुत शोधपत्रको शीर्षक शिक्षित विवाहिताहरुको यौन व्यवहार ले स्वतः स्पष्ट अर्थ बोकेको छ । कि जीवन चक्रको क्रम अनुरुप महिला र पुरुष किशोरावस्थामा प्रबेश गर्दै गएपनि शरीर परिपक्व हुँदै जाने यौन हर्मोनको विकास सँगै यौन अंगहरु परिपक्वतर्फ लम्कदै गर्दा प्राकृतिक आधारभुत आवश्यकता अनुरुप यौन चाहना, रुचि र इच्छा जागृत हुँदै जान्छ र मानिसले औपचारिक विवाहको बन्धनमा बाँधिन्छ यसरी पारिवारीक, सामाजिक सांस्कृतिक लगायत समग्र पक्षमा समायोजन गर्दै जाँदा मानवको नितान्त व्यक्तिगत पक्ष यौन जिवन, व्यवहारको पअसर आफ्नो अध्ययन गर्ने परिधिमा यो शोधपत्रको अनुसन्धान कार्य घुमिरहेको छ ।

पुनरावलोकन गरिएका साहित्यले प्रस्तुत अनुसन्धानका लागि धेरै नै सहयोग पुऱ्याएका छन् । साथै पत्र-पत्रिका, लेखले पनि अनुसन्धानमा धेरै सहयोग पुऱ्याएका छन । यति हुँदा हुँदै पनि अन्य अनुसन्धान साहित्य शत प्रतिशत आधार पुरा गर्न नसकिएको हुँदा सुनसरी जिल्ला इटहरी उपमहानगरपालिका अन्तर्गत विभिन्न क्याम्पस तथा विद्यालयका शिक्षक शिक्षिका लगायत सुरक्षाकर्मी व्यापारी र गृहिणीको प्रतिउत्तरलाई आधार मानी सम्बन्धीत शोधपत्रको अध्यायन अनुसन्धान गरिएको छ ।

## २.४ सैद्धान्तिक अवधारणात्मक ढाँचा

सिग्मण्ड फ्रायडका सिद्धान्तलाई आधार मानेर यहाँ शिक्षित विवाहिताहरुको यौन व्यवहार अवधारणालाई चित्रात्मक रुपमा प्रस्तुत गरिएको छ ।

यहाँ जब स्त्री पुरुष किशोरावस्थामा प्रबेश गरे पछि क्रमश : यौन अंग विकसित हुँदै जाने, युवावस्थामा परिपक्वता तर्फ लम्कने र यौनिक आवश्यकताको बैधानिक रुपबाट पुर्ति गर्न वैवाहिक बन्धनमा बाँधिने र दाम्पत्य जीवनमा उक्त विवाहित जोडीले अपनाउने यौन जीवन, उनीहरुको व्यवहार, आचरण र सोच बारे दर्शाउन खोजिएको छ । समाजमा व्याप्त यौन दुराचार, त्यसले पुर्‍याउने असर लगायत स्वास्थ्य यौन जीवन अपनाउन दम्पत्तिले गर्ने बैकल्पिक प्रयास आदिवारे तथ्यहरुलाई यहाँ चित्रात्मक ढाँचामा निम्न अनुसार देखाइएको छ ।

## शिक्षित विवाहितहरुको यौनजीवन बारे अवधारणा

- किशोरावस्था प्रबेशमा
- यौन अङ्गहरु विकसित हुँदै जाने
- Sex Horman हरु बढ्ने
- यौन चाहना, आवेग बढ्दै जाने
- यौनिक क्रियाकलाप तर्फ ध्यानआकृष्ट हुन थाल्ने

- विवाह बन्धनमा बाँधिने
- यौन आवश्यकता पुरा गर्न बैकल्पिक मार्ग अपनाउने

- विवाहितहरुले यौन आनन्दका निमित्त विभिन्न साधन, स्रोत, व्यवहार, आचरण शैली अपनाउन

↓

- स्वभाविक यौनचाहनाको स्तर नमिल्दा बैकल्पिक बाटो रोज्ने
- परपुरुष/परस्त्रीगमन
- बेश्याबृत्ति, अनैतिक

शिक्षित विवाहिताहरुको यौन व्यवहार

↓

- अस्वाभाविक यौन व्यवहारले समाजमा अनेकौ विकृति र विसंगति निम्त्याउने

↓

- सन्तुलित संयमित जीवन अपनाउँदै जीवन खुसी समृद्धी तर्फ लम्कने

माथिको अवधारणात्मक ढाँचा बमोजिम असन्तुलित यौन व्यवहार सम्बन्धित पक्षहरुलाई निम्न बमोजिम दर्शाईएको छ ।

| क .कारक तत्वहरु | ख. उक्त कारक तत्वहरुले पर्ने असरहरु |
|---|---|
| ) बैदेशिक रोजगार<br>) सहरिकरण<br>) देखासेखी<br>) बढ्दो एकल परिवार<br>) अनुसाशन (नैतिकता) को कमि<br>) पढाईको शिलशिलामा घर छोड्ने<br>) परम्परागत सामाजिक धारणा<br>) यौन शिक्षामा कमि<br>) आधुनिक जीवनशैली<br>) सांस्कृतिक प्रभाव<br>) कमजोर बैधानिक प्रावधान<br>) नेट/संचारको प्रभाव | ) समाजमा अनैतिक कार्य बढ्ने<br>) मानसिक तनाव बढ्ने<br>) नैतिकता अभाव दण्डहिनता बढ्ने<br>) संस्कार र सस्कृतिमा परिबर्तन हुँदै जान्छ<br>) अस्वस्थ्य जीवन शैली र सोच हावी हुँदै जाने<br>) पारीवारिक विखण्डन<br>) यौन रोगहरु बढ्ने<br>) बेश्याबृत्ति बढ्ने<br>) चेलिबेटी बेचविखन<br>) हाडनाता करणी<br>) यौन दुव्यवहार<br>) बालबालिका जन्य यौनअपराध<br>) सम्बन्ध विच्छेद<br>) बलात्कार |

माथिको चित्रलाई व्याख्या गर्दा किशोरावस्थामा प्रबेश पश्चात स्त्री पुरुषमा क्रमश यौनअंग परिपक्व हुँदै जाने क्रमश उनीहरुमा यौनिक क्रियाकलाप तर्फ रुचि, चासो र ध्यान बढ्दै जाने  र क्रमश युवा युवती यौनिकक्रियाकलापमा संलग्नता जनाउँदै जाने जसका लागि विवाह बन्धनमा बाँधिने वा बैकल्पिक बाटाहरु प्रशस्त गर्ने । शिक्षित विवाहितहरुले जीवन सन्तुलित ढंगबाट सञ्चालन गर्न विभिन्न यौनिकक्रियाकलापमा सहभागीता जनाउने सन्तुष्ट नहुने जोडि सदस्यहरु बैकल्पिक बाटोको खोजिमा आधुनिक साधन प्रबृत्तिको खोजिमा लाग्ने अथवा परपुरषगमन वा परस्त्रीगमन तर्फ आकृष्ट हुँदै साथै समाजमा बेश्याबृत्ति, यौन व्यापार र अनैतिक सम्बन्धको परिणाम स्वरुप नकारात्मक विचारहरु परिवारमा व्याप्त हुने अथवा सन्तुलित संयमित र अनुशासित जीवनशैली बाट जीवन समृद्धि तथा खुसी तर्फ लम्कने । आदि जस्ता तत्वलाई सहयोग पुर्याउन परम्परागत सामाजिक धारणा, यौन शिक्षाको कमी या

प्रसन्नता आधुनिक जीवनशैलीको प्रभाव, सांस्कृतिक प्रभाव लगायत कमजोर बैधानिक प्रावधान बाट समाजमा मौलाएको विकृति, विसंगति, व्यभिचार, बलात्कार, दण्डहिनता र अस्वाभाविक जीवन शैली मौलाएको उदण्डता, अनुशासनहिनता सम्बन्धविच्छेद, बलात्कार जस्ता घटना ले प्रशय पाउने तर्फ प्रष्टाउन खोजिएको छ । जसलाई तालिका मार्फत देखाईएको छ । तसर्थ शिक्षित विवाहितको यौन व्यवहार यसले गरेको बर्तमान दिशा निर्देशन सामाजिक संरचना र भावी समाजको परिकल्पना लाई खोतल्नु नै यस अध्ययनको आशय लाई अबधारणात्मक ढाँचामा प्रष्टाउन खोजिएको हो ।

# परिच्छेद - तीन

## अध्ययनको विधि र प्रक्रियाहरु

अध्ययन अनुसन्धान कार्यलाई सम्पन्न गरी शोधपत्र तयार पार्ने क्रममा विभिन्न प्रकारका तरिका, विधि, साधन मापन आदिको प्रयो गरिने भएकोले उक्त विषयबारे जानकारी राख्नु सान्दर्भिक हुन्छ । यसर्थ प्रस्तुत विषयको अध्ययन गर्न अपनाइने ढाँचा, नमुना छनौट, तथ्याङ्क सङ्कलनका साधन, तथ्याङ्क संकलनका प्रक्रिया र तथ्याङ्क विश्लेषण गर्न निम्न प्रयत्न गरिएको छ ।

### ३.१ अध्ययनको ढाँचा तथा विधि

अनुसन्धान ढाँचालाई अनुसन्धानको Blue print को रुपमा लिईएको छ । जस अन्तर्गत अनुसन्धान कसरी गर्ने? कता लैजाने? के के पक्षको खोजी गर्ने साथै निर्धारित शीर्षकबाट लक्षित समुह को ज्ञान, चेतना, व्यवहार पत्ता लगाउन मार्ग प्रशस्त गर्ने बाटो नै अनुसन्धान ढाँचा हो ।

इटहरी उपमहानगरपालिका अन्तर्गत शिक्षित विवाहितहरु सँग भेटघाट गरी बन्द प्रश्नावली मार्फत प्रश्नपत्र खाम बन्दी गरि दिएर तथ्याङ्क सङ्कलन गरीएको छ । जसका लागि बर्णनात्मक ढाँचाको प्रयोग गरीएको छ ।

### ३.२ अध्ययनको जनसङ्ख्या र नमुना छनोट रणनीति

प्रस्तुत अध्ययनमा इटहरी उप-महानगरपालिका अन्तर्गत, रहेका क्याम्पस मध्ये (जनता बहुमुखी क्याम्पस इटहरी, विश्व आदर्श कलेज, इटहरी, श्री ज्योति मा.वि. इटहरी) का शिक्षक, शिक्षिक, वार्ड नं. ६, पश्चिम लाईनमा व्यपारमा संलग्न व्यक्ति गृहिणी र केही सुरक्षा कर्मीहरुलाई मध्ये १७० व्यक्तिहरु लाई अनुसन्धान जनसंख्याको रुपमा लिइएको छ । उक्त जनसंख्याको शैक्षिक योग्यता न्युनतम १२ कक्षा उत्तीर्ण र विवाहत बर्गलाई समेटिएको छ । सम्भावना रहित नमुना छनोट विधि अन्तर्गत सुविधाजनक नमूना छनौट विधिको प्रयोग गरिएको छ । वितरित जम्मा १७० प्रति बन्द प्रश्नावली समुहका प्रश्नहरु लाई खामबन्दी वितरण गरि प्राप्त ५० प्रति उत्तर कापीलाई अध्ययन नमूनाको रुपमा लिइएको छ ।

#### ३.३. तथ्याङ्क संकलनका साधनहरु

अनुसन्धानका लागि आवश्यकीय तथ्याङ्क सङ्कलन गर्न बन्द प्रश्नावलीहरुलाई प्रयोग गरिएको छ । साथै विभिन्न पत्र-पत्रिकाका लेख, रचना, अनुसन्धान प्रतिबेदन रिपोर्ट लगायत सञ्चारका माध्यमबाट प्राप्त सुचनालाई तथ्याङ्क सङ्कलनको द्वितीय स्रोतको रुपमा लिइएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका तरीकाहरु

प्रस्तुत अध्ययन सम्पन्न गर्नका लागि बन्द प्रश्नावलीलाई खाम बन्दी गरी सम्बन्धित व्यक्तिलाई प्रदान गरीएको छ र सूचनालाई गोपनीयताको प्रत्याभूति दिदै सुचना पेटिकामा प्रयोग गरी पत्र संकलन गरीएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या तथा विश्लेषण प्रक्रिया

यस अनुसन्धानबाट प्राप्त तथ्याङ्कलाई सरल तरिकाले बुझ्न सकिने गरी सामान्य गणितीय नियम प्रयोग गरेर तार्किक ढंगबाट व्याख्यात्मक तथा विश्लेषणतात्मक रुपमा तालिका, स्तम्भ चित्र, चार्ट, बृत्त चित्र प्रतिशत आदि द्वारा प्रस्तुत गरीएको छ ।

# परिच्छेद - चार

# तथ्याङ्कको व्याख्या तथा विश्लेषण

विज्ञान र प्रविधिले मारेको फडकोले गर्दा आज मानिसले गर्न बाँकी रहेको क्षेत्र कुनै छैन भन्दा अत्यूक्ति नहोला । तर नेपाललगायत विश्वका कतिपय राज्यहरुमा यौनसम्बन्धी कुरा गर्न सामाजिक मर्यादा विपरित मानिन्छ। आधारभूत आवश्यकताभित्र पर्छ भन्ने कुरा आज विश्वभर स्वीकार गरिएतापनि यस विषयवस्तुले पाउनु पर्ने प्राथमिकता ज्यादै संकीर्ण रहेको छ। शिक्षित विवाहित वर्गको यौन आचरण, शैली, ज्ञान, सीप तथा अभिवृद्धि बारे अनुसन्धान गर्न खोज्नु, मानिसका उक्त विषयप्रतिको धारणा बुझ्न खोज्ने काम ज्यादै हैरानी र चुनौतीको विषयको रुपमा उक्त शोधपत्र तयार पार्ने क्रममा मैले बटुलेको अनुभव हो। जनता बहुमुखी क्याम्पसमा नै ४० प्रति प्रश्न फाराम वितरण गरिएकोमा प्रथम चरणमा ७ वटा प्रति उत्तर मात्र प्राप्त भयो भने पुनः २० प्रश्नपत्र बाँडेर प्रतिक्रिया माग्दा जम्मा १७ प्रति मात्र प्रति उत्तर प्राप्त भएको थियो । यसरी नै अन्य क्षेत्र पनि खामबन्दी गरि व्यक्तिगत गोपनियता पूर्ण राख्ने प्रतिवद्धता जनाउँदा पनि ज्यादै मुस्किलका साथ प्राप्त जम्मा ५० प्रति उत्तर लाई आधार मानि प्राप्त तथ्याङ्कलाई यहाँ प्रस्तुत गरिएको छ।

## ४.१ उत्तरदाताको उमेर समूह

नेपालको सामाजिक परिपेश , धर्म संस्कृति र मूल्यमानयता अनुरुप विवाह योग्य उमेरमा विविधता रहेको छ । अध्ययनको शिर्षक अनुरुप न्यूनतम १२ कक्षा उत्तीर्ण भई विवाह बन्धनमा बाँधिएका र विविध क्षेत्रका संलग्न महिला पुरुषबाट तथ्याङ्क सङ्कलनका लागि नमुनाको रुपमा छनोट गरिएको हुँदा उमेर वर्ग र महिला पुरुष बीचको सङ्ख्या निम्न रहेको छ।

**तालिका नं. १ : उमेर समुह अनुसार महिला पुरुष संख्या**

| क्र.स | उमेर समूह | महिला | पुरुष |
|---|---|---|---|
| १ | १५-१९वर्ष | ० | ० |
| २ | २०-२५ वर्ष | १ | २ |
| ३ | २६-३० वर्ष | ४ | ३ |
| ४ | ३१-३५ वर्ष | ५ | ८ |
| ५ | ३६-४० वर्ष | ४ | ११ |
| ६ | ४१-४५वर्ष | ० | ७ |
| ७ | ४६-५० वर्ष | ० | ३ |
| ८ | ५१-५५वर्ष | ० | १ |
| ९ | ५६-६० | ० | ० |
| १० | ६१-६५ | ० | ० |
| ११ | ६६-७० वर्ष माथि | ० | १ |
| | **जम्मा** | **१४** | **३६** |


(CMB-2011) अनुसार नेपालमा विवाहित पुरुष ५६,९८,६७४ छ भने विवाहित महिला संख्या ६९,१७,१२५ रहेको छ । जहाँ सुनसरी जिल्ला मात्रको सेक्स रेसियो ९४.७६ प्रतिशत छ भने तालिका नं.१ मा प्रस्तुत तथ्याङ्कअनुसार सूचना सङ्कलन प्रश्नावलीका उत्तरदाताहरु विविध उमेर भिन्नता अनुरुप महिला १४ जना र पुरुष ३६ जना रहेका छन् ।

यसरी शिक्षित वर्गअन्तर्गत महिलाको सङ्ख्या अनुरुप पुरुष शिक्षण , व्यापार, सुरक्षाकर्मी जस्ता जिम्मेवारीमा आफूलाई संलग्न गराएको पाइयो । किनकी तथ्याङ्क संकलन विशेषत  पेशामा आवद्ध व्यक्तिहरुबाट नै ज्यादातर संकलन गरिएको थियो । उक्त तथ्याङ्क अन्तर्गत २० देखि ३५ वर्षको उमेर भित्रै विवाह गरेको पाइयो ।

## ४.२ यौनसम्पर्क राख्न रुचाएको समयावधि

स्वस्थ्यपूर्ण जीवनयापन गर्न जीवनको अभिन्न पाटो यौनसम्पर्क राख्न जरुरी छ भन्नेमा सम्पूर्ण उत्तरदाता रहेको पाइयो भने यौन स्वास्थ्यको जानकारी छ र राख्नुपर्छ भन्ने मा पनि ५० जनानै उत्तरदाता पाइयो । यसरी यौनसम्पर्क तर्फ यहाँहरु कति अन्तरालमा यौन सम्पर्क राख्न रुचाउनु हुन्छ भन्ने प्रश्नमा महिला पुरुषै दुवैले निम्ति ४ प्रतिक्रियामा आफ्नो सहमति जनाएका छन् :-

**चित्र नं. १ : यौनसम्पर्क राख्न रुचाएको समायावधि प्रतिको धारणा**





माथिको चित्रबाट स्पष्ट हुन्छ कि दैनिक यौन सम्पर्क गर्न रुचाउने ९ जना, हप्तामा १ पटक भन्ने १६ जना, हप्तामा २ पटक भन्ने १२ जना र अनियमित हुन्छ भन्नेमा १३ जना रहेका छन्

माथिको चित्रलाई विश्लेषण गर्दा प्रष्ट्याउँछ कि विश्वका अन्य विकसित मुलुकको दाँजोमा हाम्रो समुदायमा अझै सम्म पनि श्रीमानश्रीमती बीचको सम्पर्क सन्तुलित, स्वस्थ्य र नियमति नै रहेको छ ।

## ४.३ यौनसम्पर्कको लागि लाग्ने उपयुक्त समयबारे धारणा

कार्यव्यस्तता, प्रत्येक दिनको कार्यशैली र पारिवारिक संरचना अनुरुप प्रत्येक जोडीले यौन सम्पर्क का लागि विविध समयको व्यवस्थापन मिलाएको हुन्छ । यहाँ विवाहित दम्पत्तिलाई आफ्नो रुचि, उपलब्ध समय अनुरुप कुन समयलाई बढी रुचाएको सन्दर्भमा राखिएको प्रश्न वापत प्राप्त प्रति उत्तर निम्न स्तम्भ चित्रमा देखाईएको छ ।

**चित्र नं २ : यौनसम्पर्कको लागि लाग्ने उपयुक्त समयबारे धारणा**




माथिको स्तम्भ चित्र अनुसार यौनसम्पर्क का निमित्त उपयुक्त लाग्ने बेलुका समय भन्नेमा ३२ जना, दिउँसो भन्ने मा ४ प्रतिशत र विहान भन्नेमा २ जना, समय याद हुँदैन भन्नेमा पनि ८ जना नै महिला पुरुष रहेका छन् ।

उपरोक्त स्तम्भ चित्र विश्लेषण गर्दा सवै काम सकेर विश्रामको समय रातीलाई नै यौनसम्पर्कको लागि उपयुक्त ठान्ने पक्ष बढी पाइयो । हाम्रो संस्कार, गोपनियता र समय व्यवस्थापनको ट्रेड अनुसार उक्त समयनै रोजेपनि स्वास्थ्यका हिसावले विहानको समय उपयुक्त रहेपनि केवल ८ जना सम्म इच्छा रहेको पाइयो ।

## ४.४ यौनसम्पर्कमा लाग्ने समयावधि बारेको धारणा

हाम्रो समाज यौन धारणा प्रति धेरै उद्धार, सचेत र रुचिपूर्णता पूर्वक संलग्न रहने पक्ष बारे जनाकारी प्राप्त गर्न ज्यादै कठिन छ । तैपनि अनुसन्धानात्मक पत्रमा सोधिएको प्रश्नबारे प्रष्ट प्रत्तिउत्रका आधारमा आफ्नै यौन सम्पर्कको अवधि सामान्यतया ५-१० मिनेट रहने गर्दछ भन्नेमा बढी ( ३६ ) % रहेको देखिन्छ जसलाई तालिकामा निम्नबमोजिम देखाउन सकिन्छ ।

**तालिका नं २ :- यौनसम्पर्कमा लाग्ने समयावधि बारेको धारणा**

| क.स | विवरण | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | ५ मिनेट भन्दा कमको | २ | ८ | १० |
| २ | ५-१० मिनेटको | ७ | ११ | १८ |
| ३ | १०-१५ मिनेटको | २ | १३ | १५ |
| ४ | १५ मिनेट भन्दा बढी | ३ | ४ | ७ |
| | **जम्मा** | **१४** | **३६** | **५०** |

तालिका नं. २ लाई हेर्दा यौन सम्पर्कमा लाग्ने समयावधिमा ५ मिनेट भन्दा कममा २०%, ५-१० मिनेट भन्नेमा ३६% र १०-१५ मिनेट भपन्नेमा ३० % र १५ मिनेट भन्दा बढी भन्नेमा १४ % रहेको देखिन्छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा अधिकतम दम्पत्तिले ५ देखि १० मिनेटको समयावधिलाई नै बढी प्रतिक्रिया जनाएको पाइएको । यसमै अझै पनि दम्पत्तिले पाकक्रीडा प्रति त्यत्ति चासो राख्ने गरेको ले यौन सम्पर्कको समयावधि छोटो समयमा नै सन्तुष्टि लिने गरेको पाइयो ।

## ४.५ यौनसम्पर्क पूर्व राखिने पाकक्रीडामा रुचाउने पक्षबारे अवधारणा

मानिसले नितान्त मनोरञ्जनका निमित्त अपनाउने यौनिक क्रियाकलापअन्तर्गत पाकक्रीडालाई कति को महत्व दिन्छ, कस्ता कस्ता क्रियाकलाप गर्न रुचाउँछ भन्ने जिज्ञासा स्वरुप सोधिएको प्रश्नमा निम्न क्रियाकलाप प्रति प्रतिक्रिया जनाएको पाइयो ।

**तालिका नं ३:-पाकक्रीडा बारे जानकारी**

| क.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | चुम्बन साटासाट गर्ने | १२ | २४ |
| २ | गुप्ताङ्गको स्पर्श /मर्दन/चुम्बन गर्ने | ५ | १० |
| ३ | निर्वस्त्र भै प्रस्तुत हुने | १२ | २४ |
| ४ | ख्याल ठट्टा रमाइलो गर्ने | १० | २० |
| ५ | माथिका सवैमा ( ) चिन्ह लगाउनेमा | ८ | १६ |
| ६ | प्रतिक्रिया नदिनेमा | ३ | ६ |

तालिका नं.३ लाई हेर्दा पाकक्रीडामा संलग्न हुन चाहनेमा चुम्वन साटासाट गर्न मनपराउनेमा २४%, गुप्ताङ्गको स्पर्श १०%, निर्वस्त्र भै प्रस्तुत हुन चाहनेमा २४% र ख्याल ठट्टा गर्नमा २०% र माथि

उल्लेखित ४ वटा प्रतिक्रिया  अउपनाउन रुचाउनेमा १६% र कुनै प्रतिक्रिया दिन नचाहनेमा ६% रहेका छन् ।

माथिको तालिकालाई विश्लेषण गर्दा हामी पाउँछौ कि पाकक्रीडामा सवै जोडी संलग्न रहेने गरेको पाइयो । विविध क्रियाकलापप्रति रुचि रहने गरेको पनि देखियो भने १६% ले अझै पनि उक्त सन्दर्भमा मौन नै रहेको पाइयो जसले दर्शाउँछ कि शिक्षित विवाहित पनि अझै खुलेर आफ्नो यौन प्रतिक्रिया दिन हिचकिचाउँछन् ।

## ४.६ यौनसाथीका आर्षक बानीबारे दृष्टिकोण

नेपाली समाजमा यौन भन्ने शब्द गोप्य हुने तथा जहाँ पायो त्यहि खुल्ला रुपमा बोल्न नहुने बोल्दा समाजको मर्यादा विपरीत हुने मानयता अझै व्याप्त छ । यौनकै सन्दर्भको सेरोफेरेमा रहेर गरिएका अनुसन्धनात्मक कार्य ज्यादै अप्ठेरो महशुस गरिएको पाइयो । यहाँ साधारणतया तपाइलाई तपाईको यौनसाथीको कुन पक्षले बढी आकर्षण गर्दछ ? कस्ता पहिरनले बढी आकर्षण गर्दछ? भनी लिएको प्रतिक्रिया को जवाफ निम्न रहेको छ ।

**तालिका नं ४:-यौनसाथीका आकर्षण बानीमा**

| क्र.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | सफा सुग्घर बस्ने | ३५ | ७० |
| २ | गरगहना/सौन्दर्य साधनको प्रयोग | ० | ० |
| ३ | आकर्षक व्यक्तित्व /हाउभाउ, बोलिबचन | ११ | २२ |
| ४ | फेसनदार पहिरन | ४ | ८ |
| | **जम्मा** | **५०** | **१००** |

माथिकै आशयअनुरुप राखिएको महिला पुरुषले लगाउने वस्त्रबारे सोधिएको धारणाबाट प्राप्त निष्कर्ष अनुसार आकर्षण गर्ने तत्वमा १४ महिलाका प्राप्त प्रतिक्रिया अनुरुप पुरुषले लगाउने साधारण सर्ट पाइन्ट, टिसर्ट हरुले नै प्रभावित पारेको जनाएका छनभने ३५ पूरुषको प्रतिक्रियामा २२ जनाले महिलाको आधुनिक फेशनदार पहिरनले आकर्षित गर्ने तथ्य औल्याएका छन भने १३ जनाको प्रतिक्रियामा साडी चोलो, कुर्ता सलवारलाई नै जनाएका छन् ।

माथिको तालिका अनुसार यौनसाथीका आकर्षक पक्षमा सफा -सुग्घर बस्नेमा ७०%, आकर्षक व्यक्तित्वमा २२% र फेशनदार पहिरनमा ८% र गरगहना,सौन्दर्यको साथन प्रयोग प्रति कुनै प्रतिक्रिया जनाएको पाइएन ।

माथिको तालिका विश्लेष गर्दा प्राप्ताङ्कले भन्दछकी मानिसको बाहिरी आवरण, कपडा उसको सरसफाईको पक्षले नै अर्को मानिसलाई बढी आकर्षित तुल्याउँदछ ।

## ४.७ विपरित लिङ्ग प्रतिको आकर्षण बारे

स्वभावत मानिस राम्रो वस्तु, चिज, मानिस प्रति स्वतः आकर्षित भै रहेको हुन्छ । यहाँ यौनिकताका हिसावले विवाहित महिला पुरुष आफ्नो जोडीबाहेक अन्य तर्फको आर्षण कस्तो छ भनि सोधिएको प्रश्नमा निम्न प्रतिक्रिया जनाएको पाइन्छ । जसलाई निम्नबमोजिम तालिकामा देखाइएको छ ।

**तालिका नं. ५ः- विपरित लिङ्गप्रतिको आकर्षण**

| क.स | संकेत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अलि बढी नै हुन्छ | ७ | १४ |
| २ | आकर्षण तर्फ मनै जाँदैन | ६ | १२ |
| ३ | केहि केही मात्र हुन्छ | २० | ४० |
| ४ | त्यस्तो अनुभूति हालसम्म छैन | १७ | ३४ |
| | **जम्मा** | **५०** | **१००** |

यसै सन्दभैलाई विचार गर्दै सोधिएको अर्को प्रश्न अनुरुप परपुरुषगमनतर्फ विचार गर्नेमा कोहि पनि महिला संख्या उल्लेख भेटिएन भने परस्त्रीगमनतर्फ रुचि राख्नेमा १४% को प्रतिक्रिया प्राप्त छ भने सम्पूर्ण रुपमा श्रीमानश्रीमती बीचमा मात्र आकर्षण  हुनेमा ८६% संख्या पाइयो । त्यस्तै यौनसम्पर्क राख्न जरुरी नै हुन्छ भन्नेमा शतप्रतिशत अभिमत प्राप्त भएको छ ।

माथिको तालिकालाई हेर्दा विपरित लिङ्गप्रति केही केही मात्र आकर्षण हुन्छ भनि प्रतिक्रिया जनाउने मा ४०% देखियो भने, आकर्षणको अनुभूति नै हाल सम्म नरहनेकोमा ३४% पाइयो साथै अलिबढीनै  आकर्षण हुन्छ भन्नेमा १४% संख्या पाइयो । भने आकर्षण तर्फ मन नै जाँदैन भन्नेमा १२% मत पाइयो ।

माथिको तालिका विश्लेषण गर्दा पाउँछौकी मानवीय स्वभाव आँखालाई मनपरे मनमा त्यतातिर अवश्य आकर्षित हुन्छ भने जस्तै ४०% ले केहि न केही त पक्कै आकर्षण हुन्छ नै भन्ने प्राप्त प्रतिक्रियाले जनाएका छन् ।

## ४.८ यौनजन्य वैकल्पिक साधनको प्रयोगको अवस्था

विश्व आधुनिकतातर्फ लम्कदै गर्दा मानव जीवनमा आएको व्यापक उतार चढावमा आधुनिक जगतका वैज्ञानिक उत्पादन र सामाग्रीहरुको सोच दिनानुदिन हावी हुँदै गइरहेको छ । जहाँ, जहिले र जस्तो चाहे पनि नेट, गुगल, टेलिभिजन, च्यानलबाट मानिसले आफूलाई आवश्यक सामाग्री/ सूचना तुरुन्त प्राप्त गर्दछ । सन्दर्भअनुरुप शिक्षित दम्पत्तीहरुले यौनजन्यसाधनको बैकल्पिक विषयवस्तु प्रयोगको अवधारणालाई निम्न तालिकाबाट देखाउन सकीन्छ ।

| तालिका नं. ६:-यौनजन्य बैकल्पीक साधनको प्रयोगको अवस्था | | | |
|---|---|---|---|
| **क्र.स** | **विवरण** | **संख्या** | **प्रतिशत** |
| १ | ब्लूफिल्म | ८ | १६ |
| २ | सेक्स टोय | २ | ४ |
| ३ | पत्र-पत्रिका /लेख रचना | १३ | २६ |
| ४ | कुनैपनि होइन | २७ | ५४ |
| | **जम्मा** | **५०** | **१००** |

तालिका नं.६ लाई हेर्दा यौन जीवनलाई रुचि पूर्ण, कलात्मक बनाउन ब्लूफिल्म हेर्ने/सङ्कलन गर्नेमा १६% बजारबाट किनिएका यौनजन्य वस्तु (sextoy) सङ्कलनकर्ता ४%, पत्रपत्रिका, लेखरचना पढने सङ्कलन गर्ने र त्यसैबाट आनन्द मनाउनेमा २६% र माथिका कुने साधन प्रयोग/संकलन गर्दिन भन्नेमा ५४% रहको पाइयो ।

माथिको तालिकाले देखाउँछ कि आजको विज्ञान प्रविधिको युगमा शिक्षित वर्ग भएपनि आफुलाइ उक्त पाटोबाट अलग्गै राखेको छु भन्नेमा सवैभन्दा बढी ५४% पाइयो भने ब्लूफिल्म, Sex toys पत्रपत्रिका ,लेख रचनाको सहयोगबाट आनन्दित हुन्छु भन्नेमा पनि उल्लेखनिय संख्या पाइयो ।

## ४.९ यौन उत्तेजना बढाउन सहायक तत्व बारे

स्वस्थ्य, सन्तुष्ट प्रत्येक व्यक्ति उमेरको परिपक्वता र शारीरिक संरचनाअनुरुप यौनजन्य क्रियाकलापमा चुम्वकले फलाम आकर्षण गरेझैं स्वत : आकर्षित हुँदै जान्छ । अपवादबाहेक यो स्वतः सिद्ध तथ्य हो । अनुसन्धान प्रश्नमा प्रत्येक शिक्षित दम्पत्तीलाई तपाईको यौन उत्तेजना बढाउन सहयोग गर्ने तत्वहरु के - के हुन सक्छन भनी बन्द प्रश्न गरिएकोमा प्राप्त प्रतिक्रियालाई निम्न तालिकामा दर्शाइएको छ ।

**तालिका नं.७:-यौन उत्तेजना बढाउन सहायक तत्वबारे**

| **क्र.स** | **संकेत** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | नग्न शरीर (गोप्य अंग, पुष्ट छाती) | २२ | ४४ |
| २ | भित्री बस्त्र (ब्रा, पेन्टी, अन्डरवेयर, साया) | ८ | १६ |
| ३ | ब्लुफिल्म, उत्तेजक दृष्य, तस्वीर, मुर्ति | ५ | १० |
| ४ | त्यस्तो कुने अनुभूति नै छैन | १५ | ३० |
| | **जम्मा** | **५०** | **१००** |


माथिल्लो विवरणले जनाउँदछ कि प्राकृतिक दृश्य यानी महिला/पुरुषको नग्न शरीर देखेर यौन उत्तेजना बढ्दछ भन्नेमा सबैभन्दा बढी ४४%, भित्री वस्त्र बाट भन्नेमा १६% र आधुनिक साधनले उत्तेजना बढाउँछ भन्नेमा १०% र त्यस्तो कुनै अनुभूति नै छैन भन्नेमा ३०% रहेको देखिन्छ ।

माथिको तालिका विश्लेषण गर्दा प्राकृतिक दृष्य अथवा अवस्थाबाटै उत्तेजना प्राप्त गर्ने सवैभन्दा बढी ४४% देखिन्छ भने कसरी आधुनिकता ग्रहण गर्ने र गर्दै गईरहेका पक्षपनि बढ्दो क्रममा देखिन्छ

## ४.१० असमान्य यौनव्यवहारको जानकारीको अवस्था

सम्बन्धित विषयअन्तर्गत असमान्य यौनव्यवहार बारे सुन्नु भएको छ भनी राखिएको प्रश्नमा शतप्रतिशत ले सुनेको प्रतिक्रिया जनाएका छन भने कस्ता-कस्ता व्यवहारहरुलाई तपाई असमान्य यौनव्यवहार मान्नु हुन्छ भनि ४ वटा बिकल्प दिई सोधिएको प्रतिउत्तरलाई निम्न बमोजिम बृत्त चित्रमा देखाइएको छ :-

**चित्र नं ३:-असमान्य यौनव्यवहारको जानकारीको अवस्था**




माथिको चित्र अनुरुप बालबालिका जन्य यौन व्यवहार असमान्य यौन व्यवहार हो भन्नेमा २६%, पशुजन्य यौन व्यवहार भन्नेमा २४% र बलात्कार, जबरजस्ती करणीलाई असमान्य यौन जन्य व्यवहार भन्नेमा २८% र अत्यधिक यौन चाहनालाइ पनि असमान्य मान्नेमा १०% संख्या रहेको छ। भने माथिका चार बुँदामा ( ) चिन्ह लगाउनेमा १२% मत रहेको छ।

## ४.११ यौन आकर्षणमा वातावरणीय अवस्थाबारे

यहाँ प्रश्न वातावरणीय तत्व अन्तर्गत सुन्दर, आकर्षक वातावरण (सुगन्ध, घुमघाम, वर्षा, जाडो) ले तपाईको यौनजीवनमा कस्तो प्रभाव पार्दछ? भनि राखिएकोमा प्राप्त प्रतिउत्तरलाई निम्नबमोजिम तालिका दर्शाइएको छ :-

**तालिका नं ८:- यौनआकर्षणमा वातावरणीय अवस्था**

| क.स | शीर्षक | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अत्यधिक यौन चाहना हुन्छ | ९ | १८ |
| २ | आकर्षण त्यस्तो केही गर्दैन | ३ | ६ |
| ३ | केहि रोमाञ्चित तुल्याउँछ | २२ | ४४ |
| ४ | त्यतातिर विचारनै गरेको छैन | १६ | ३२ |
| | **जम्मा** | **५०** | **१००** |

तालिका नं. १० लाई हेर्दा वातावरणीय तत्वले यौनचाहना अत्यधिक बढाउँछ भन्नेमा १८%, आकर्षण त्यस्तो केही गर्दैन भन्नेमा ६ %, केही रोमाञ्चित तुल्याउँछ भन्नेमा ४४% र त्यतातिर विचारनै गरेको छैन भन्नेमा ३२% रहेको देखिन्छ ।

माथिका तालिकालाई विश्लेषण गर्दा वातावरणीय तत्वले यौनजन्य क्रियाकलाप (सोचमा) केही रोचक तुल्याउँछ भन्नेमा ४४% देखिन्छ भने आकर्षण हुँदैन भनि निरश जवाफ दिनेमा ६% देखिन्छ । यसर्थ वातावरण ⁄प्रकृति नै सर्वै सर्वा उपहार हो भन्ने मर्म स्वीकार गर्नु नै हाम्रो लागि उपयुक्त देखिन्छ ।

## ४.१२ यौनसम्पर्कमा बाधा आए दम्पत्तीको अनुभव सम्वन्धमा

कार्य व्यस्तता, संयुक्त परिवारमा एकान्तको कमि, शारीरिक कमजोरी, बिरामी वा अन्य विविध कारणले दम्पत्तीको यौनजीवन उनीहरुको रोजाइ र चाहनाअनुरुप पूरा हुन नसक्दा दाम्पत्य जीवनमा कस्तो महसुस गर्ने गर्नु भएको छ भनि सोधिएको प्रतिउत्तरलाई निम्न तालिका बद्ध गरि देखाईएको छ ।

**तालिका नं. ९:- यौनसम्पर्कमा बाधा आए दम्पत्तीको अनुभव**

| क.स | शीर्षक | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | मन खिन्न भएर आउँछ | १५ | ३० |
| २ | रिस उठ्न थाल्ने, झर्को लागे जस्तो हुन्छ | २ | ४ |
| ३ | सम्बन्धमा नै खल्लो पन आए जस्तो हुन्छ | ८ | १६ |
| ४ | खासै त्यस्तो विचार गरिएको छैन | २५ | ५० |
| | **जम्मा** | **५०** | **१००** |


माथिको तालिकालाई हेर्दा यौनसम्पर्कमा बाधा आई यौनअन्तर्गत मन खिन्न भएर आउँछ भन्नेमा ३० %, रिस उठ्न थाल्ने र झर्को लागे जस्तो हुनछ भन्नेमा भन्नेमा ४%, सम्वन्धमा नै खल्लोपन आए जस्तो हुन्छ भन्नेमा १६% र खासै त्यस्तो विचार गरिएको छैन भन्नेमा ५०% जवाफ आएको देखिन्छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा शिक्षित वर्गहरुले आफ्ना अनुभव लुकाउन खोजी, मानवीय यौन स्वभाव विपरीत खासै त्यस्तो विचार गरिएको छैन भन्ने विचारमा चिन्ह लगाई तटस्थ पारेको देखिन्छ । जहाँ मन खिन्न हुन्छ भनी सिद्धान्त तह प्रतिक्रिया दिनेहरु पनि उल्लेखनिय रहेको पाईयो ।

## ४.१३ सुमधुर यौनजीवन बनाउन दम्पत्तीले गर्ने क्रियाकलाप

कार्यव्यस्तता स्वरुप एक अर्कालाई समय दिन नभ्याउने जोडीलाई छुट्टै यौनआनन्द प्राप्तिमा तपाईले कस्ता -कस्ता प्रयासहरु अपनाउनु हुन्छ भनि सोधिएको प्रश्नबाट प्राप्त प्रतिउत्तर लाई निम्न चित्र मार्फत देखाउन खोजिएको छ :-

**चित्र नं. ४:-सुमधुर यौनजीवन बनाउन दम्पत्तीले गर्ने क्रियाकलाप**




उक्त आशयकै अर्को प्रश्न अन्तर्गत यौनसाथीसँग घरपरिवारको वातावरण प्रतिकूल हुँदा अन्यत्र होटल या सुरक्षित ठाउँमा गएर यौनसम्पर्क राख्ने गर्नु भएको छ भनि सोधिएको मा ४२ जनाले छैन, ५ जना अनुत्तरित र ३ जनाले राख्ने आशय दिनु भएको छ ।

माथिको चित्रलाई हेर्दा सुमधुर यौनजीवन बनाउन दम्पत्तीले गर्ने छुट्टै (घर बाहेकको) व्यवस्थापन गर्ने क्रममा यौनसाथीसँग बेला बेलामा घुम्न जानेमा ७६%, मदिरा सेवन, जमघट गर्नेमा १० %, क्लव, पार्टी जानेमा ८% र यौनवर्धक औषधी सेवन गर्नेमा ६% जवाफ आएको देखिन्छ ।

माथिको चित्रलाई विश्लेषण गर्दा हामी पाउँछौ कि शिक्षित विवाहित जोडी कार्यव्यस्तता स्वरुप पनि सुखद यौन पक्षको आनन्द उठाउन प्रयासरत नै रहेको पाइन्छ । स्वभावत यो मानिसको आधारभूत आवश्यकता नै त पर्‍यो नि ।

## ४.१४ गर्भावस्थामा यौनसम्पर्कको अवस्था

संकलित ५० प्रति उत्तरमा ७ जना गर्भाधारण हालसम्म नगरेको वर्ग परे यसर्थ ४३ जनाको उत्तरलाई आधार मान्दा गर्भावस्थामा यौन सम्पर्क राख्नु उचित हुन्छ भन्नेमा ३४ जना र हुन्न भन्नेमा ९ जनाको प्रतिक्रिया प्राप्त भयो ।

माथि उल्लेखित प्रसङ्ग यानि गर्भावस्था मा यौनसम्पर्क राख्नु रुचिपूर्ण लाग्दछ या राख्नेनै गर्नु भएन भनि सोधिएको प्रतिउत्तरलाई निम्न तालिकाबाट दर्शाइएको छ ।

**तालिका नं. १०:-गर्भावस्थामा यौनसम्पर्कको अवस्था**

| क्र.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कहिलेकाही सुरक्षित विधिबाट | २१ | ४२ |
| २ | त्यस्तो रुचि नै भएन | १८ | ३६ |
| ३ | साविक कै प्रक्रिया चलिरहयो | ४ | ८ |
| ४ | नोटः गर्भधारण नगरेका प्रतिउत्तर संख्या | ७ | १४ |
| | **जम्मा** | **५०** | **१००** |

माथिको तालिका हेर्दा गर्भावस्थामा कहिलेकाही सुरक्षित विधिबाट यौनसम्पर्क राख्नेमा ४२%, सम्पर्क प्रति रुचि नै भएन भन्नेमा ३६ र हाम्रो त साविक कै प्रक्रियामा यौनजीवन चलिरहयो भन्नेमा ८% रहेको पाइयो भने गर्भधारण नगरेका प्रतिउत्तर १४% रहेको पाइयो ।

माथिको तालिका विश्लेषण गर्दा हामी पाउँछौ कि मानिसले आफ्नो यौन जीवनलाई गर्भावस्था जस्तो संवेदनशील अवधिमा पनि सुरक्षित विधि अपनाउदै निरन्तरता दिनेको संख्या बढी पाइयो भने । यौन स्वास्थ्य, शिक्षाको अभावमा डर त्रास र आइलाग्ने अप्ठेरो परिस्थितिबाट भाग्न त्यतातिर रुचिनै भएन भन्नेमा ३६% संख्या रहेको पाइयो ।

## ४.१५ सन्तानको जन्मपश्चात यौन जीवनको सूरुवात

महिलाको स्वास्थ्य अवस्था, सन्तानको जन्मपश्चात् पुनः प्रजनन अंग आफ्नो स्थानमा फर्कन ४५ दिन (सुत्केरी अवस्था) लाग्ने तथा शरीरमा रगतको Volume हाडको संरचनामा पुनः पहिलेकै अवस्थामा फर्कन ६ महिना लाग्ने मेडिकलतर्फ रहेको छ । यहाँ हामीले शिक्षित विवाहित हरु यौन तथा प्रजनन स्वास्थ्य प्रतिको कत्तिको सचेत रहनेछन । पुनः यौन जीवनको शुरुवात कति समयको अन्तरलमा सुरु गरे भनि उठ्ने जिज्ञासा शान्त पार्न सोधिएका जिज्ञासा स्वरुप प्राप्त प्रतिक्रिया निम्न तालिका वद्ध गरिएको छ ।

**तालिका नं. ११:-सन्तानको जन्म पश्चात यौनजीवनको सुरुवात**

| क्र.स | संकेत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | १ महिनापछि | १० | २३.२५ |
| २ | ४५ दिनपछि | १४ | ३२.५ |
| ३ | ३ महिनापछि | १५ | ३४.८८ |
| ४ | ६ महिनाापछि | ४ | ९.३८ |
| | **जम्मा** | **५०** | **१००** |

सन्तान जन्मपछि यौनजीवनको अवस्थालाई लक्षित गरी सोधिएको अर्को प्रश्नअन्तर्गत कस्तो भिन्नता पाउनु भयो भनी सोधिएकोमा जोडी बीच सन्तानको आगमनले झनै रमाइलो भयो भन्नेमा १५ जना, यौन जीवनको आनन्दमा नै कमी भयो भन्नेमा १८ जना, यौन साथि प्रति झनै आकर्षण बढ्न गयौ भन्नेमा २ जना र खासै त्यस्तो अनुभूति नै भएन भन्नेमा ८ जनाको मत पाइयो ।

माथिको तालिकालाई हेर्दा सन्तानको जन्मपश्चात् यौनजीवनको शुरुवात गर्नेमा ४५ दिन पछि शुरु गर्नेमा ३२.५५% १ महिना पछि शुरुवात गर्नेमा २३.२५% ३ महिना पछि सुरुवात गर्नेमा ३४.८८% र ६ महिना पछि यौन जीवन शुवात गर्नेमा ९.३०% संख्या रहेको पाइयो ।

माथिको तालिकालाई विश्लेषण गर्दा हामी पाउँदछौं कि मानिसमा यौन इच्छा प्रवल रहेको हुन्छ र उसले विषम परिस्थिति र अप्ठ्याराहरुलाई संयमित ढंगबाट लिएर अघि बढ्न निकै ठूलो चुनौतीको रुपमा लिएर हिँडेको हुन्छ तै पनि सचेतता तर्फ पनि विचार गरेको पाइन्छ ।

## ४.१६ यौन व्यवहारको प्रयोगको अवस्था

यौन क्रियाकलापलाई कलात्मक, चाखपूर्ण र विविधता दिन मानिसले विभिन्न आसन तथा तरिकाहरु को प्रयोग गरिएको हुन्छ । अनुसन्धान अन्तर्गत उक्त जिज्ञासा मेट्ने शिक्षित दम्पत्तिहरुलाई उनीहरुले प्रयोग गर्ने आसन र व्यवहारबारे प्रश्न राखिएको थियो जसलाई राखिएको थियो निम्न तालिकामा दर्शाउन खोजिएको छ ।

**तालिका नं. १२:-यौन व्यवहारको प्रयोगको अवस्था**

| क्र.स | संकेत | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | गुद्धाद्वार मैथुन (Anual Sex) | ४ | ८ |
| २ | मुख मैथुन (Oral Sex) | ११ | २२ |
| ३ | हस्त मैथुन | १२ | २४ |
| ४ | यौन जन्य खेलौनाको प्रयोग | ६ | १२ |
| ५ | उनुत्तरित उत्तरकापी | ५ | १० |
| ६ | माथिका सवै विधि | ५ | १० |
| | **जम्मा** | **५०** | **१००** |

यसै सन्दर्भलाई परिभाषित गरि सोधिएको अर्को जिज्ञासामा हामीले उत्तरदातालाई प्रश्न राखेका थियौ कि सेक्स अघिको पाकक्रिडा मा के-के गर्न रुचाउनु हुन्छ । प्रतिउत्तरमा निर्वस्त्र भै प्रस्तुत हुन्छु भन्नेमा १९ जना, गुप्ताङ्गको स्पर्श/मर्दन/चुम्वन गर्छु भन्नेमा ८ जना, ख्यालठट्टा रमाइलो गर्छु भन्नेमा ६ जना साथै चुम्बन साटासाट गर्छु भन्नेमा ९ जना पाइयो । यसै प्रकारको प्रतिउत्तरमा वैकल्पिक सोच राख्ने मध्ये अनुत्तरित बस्ने ३ जना पाइयो भने म माथिका सवै पाकक्रिडामा संलग्न हुन्छु भन्नेमा ५ जना उत्तरदाता पाइयो ।

माथि प्रस्तुत तालिकालाइ हेर्दा यौन क्रियाकलापको विविध विधि /तरिका मध्ये गुद्धाद्वार मैथुन मनपराउनेमा ८%, मुख मैथुन २२%, हस्तमैथुन २४%, यौनजन्य खेलौनाको प्रयोग गर्छु भन्नेमा १२% र यी माथिका सवै विधि प्रयोग गर्न रुचाउँछु भन्नेमा १०% र अनुत्तरित उत्तरहरु २४% रहेको पाइयो ।

यसर्थ माथिको तलिका लाई विश्लेषण गर्दा हामी पाउँछौ कि प्रत्येक व्यक्तिले विविधता लाई नै मन पराइरहेको हुन्छ । इच्छा,, आवश्यकता र चाहना लाई एक -दुई बुँदामा सोधी विषयवस्तुको व्यापकता र गहिराइलाई सिमित पार्न खोज्नु चै विषयवस्तुको गम्भिरता लाई संकुचन गर्नुनै सिद्ध भएको छ ।

## ४.१७ विवाहपूर्वको यौनसम्पर्कप्रतिको धारणा

पढाई, जागिरको खोजी र सुरक्षित भविष्य निर्माणको लक्ष्यको पूर्तिहेतु आजको व्यस्त मानिसको दिनचर्या र जीवनशैली फेरिदो परिवेशमा छ । सामाजिक संस्कार, धर्म र परम्परालाई एकातिर थन्काउँदै आज नेपालका यूवायूवती पनि विश्वको देखासेखी स्वरुप लिभिंग टुगेदरको सोचमा अघी बढेको तथ्य खवर आम नेपालीले सुन्न पाउने विषय बन्दै आएको छ । यसै परिवेशलाई विचार गर्दै विवाहपूर्गको यौन सम्पर्कलाई कुन रुपमा लिनु भएको छ भनि सोधिएको प्रश्नको प्रतिक्रियालाई निम्न तालिकामा दर्शाइएको छ ।

**तालिका नं. १३:-विवाह पूर्वको यौनसम्पर्कको अवस्था**

| क्र.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | समयको माग अनुसार ठिकै लाग्छ | १७ | ३४ |
| २ | अनुचित नै जस्तो लाग्छ | २६ | ५२ |
| ३ | सुरक्षित तरिका अपनाउँदा ठिकै हो | २ | ४ |
| ४ | भविष्य निर्माणको क्रममा ठीकै मान्नुपर्छ | ५ | १० |
| | **जम्मा** | **५०** | **१००** |

यसै सन्दर्भमा राखिएको प्रश्न परपुरुषगमन र परस्त्रीगमनलाई कुन रुपमा लिनुहुन्छ भनी सोधिएको प्रश्नबाट प्राप्त उत्तर अनुसार परपुरुषगमन ठीक हो भन्नेमा ३ जना, परस्त्रीगमन समयको

मागअनुसार ठीक हो भन्नेमा ९ जना, अनुत्तरित १० जना र एकदमै अनुचित हो भन्नेमा २८ मत प्राप्त छ ।

माथिको तालिकालाई हेर्दा विवाह पूर्वको यौनसम्पर्क ठीकै मान्नेमा ३४ %, अनुचित लाग्छ भन्नेमा ५२% , सुरक्षित तरिका अपनाउदा स्वीकार्नु पर्छ भन्नेमा ४% र भविष्यनिर्माण नहुन्जेल वैकल्पिक उपायलाई स्वीकार गर्नु पर्छ भन्नेमा१०% छ भने

माथिको सन्दर्भलाई विश्लेषण गर्दा हाम्रो समाज मुक्त कण्ठले स्विकार गर्न हिचकिचाए पनि विवाहपूर्व र विवाहपश्चातको अन्यत्र सम्बन्धलाई स्विकार्दै आइ पश्चिमेली संस्कृतिलाई आत्मसात तगर्न अग्रसर भएको आभाष हुन्छ । जत्तिनै लुकाएपनि यौनजन्य क्रियाकलाप र मानिसको बद्लिँदो जीवनशैली यो विषयमा केही उदार नै रहेको पाइयो ।

## ४.१८ विवाहितको यौनजीवनका सृजित समस्याबारे चर्चा गरिने विषय

भनिन्छ भाँडा एकै ठाउँमा भए बज्दछन् । यसरी नै प्रत्येक आ-आफ्नो कार्य व्यस्तता, स्वास्थ्य स्थिति, पारिवारिक, आर्थिक पक्ष लगायत बालबच्चाका विषयलाई लिएर विवाहित दम्पत्तीबिच कही कतै नै कति भैं झगडा वा मनमुटावको सामना प्रत्येक दम्पत्तीले गरेकै हुन्छ । साथै जोडि बीचको यौनस्वास्थ्य र प्रजननस्वास्थ्यको समस्याले पनि स्वस्थ्य यौनजीवनमा बाधा अवरोध र्सिजना गरिरहेको, प्रत्येक जोडिले अनूभूति गरेकै पक्ष हो । यसर्थ यसै सन्दर्भको सेरोफेरोमा रहेर प्रश्न सोधिएको थियो कि यौनसाथीसँग आफ्ना समस्या बारे खुलेर कुरा गर्न गर्नुभएको छ, छैन । मनमुटावको अवस्था आएमा को सँग रायसल्लाह लिने गर्नुभएको छ ?प्रति उत्तरलाई निम्न तालिकामा देखाइएको छ :-

**तालिका नं. १४:-विवाहितका सृजित समस्या बारे चर्चा गरिने विषय**

| क्र.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | यौन आनन्द अनुभूति गराउन सहयोग गर्ने बारे | ७ | १४ |
| २ | यौन उत्तेजना कसरी बढाउन सकिन्छ | ३ | ६ |
| ३ | यौन तथा प्रजनन स्वास्थ्यबारे | ३१ | ६२ |
| ४ | विभिन्न नयाँ-नयाँ यौन आसन बारे | ९ | १८ |
| | **जम्मा** | **५०** | **१००** |

माथिकै सन्दर्भमा सोधिएको अर्को प्रश्न अनुरुप विवाहित दम्पत्तीवीच मनमुटाव आएमा तेस्रो पक्षसँग राय सल्लाह लिन्छु भन्नेमा ११ जना र कसैसँग उक्त सन्दर्भमा रायसल्लाह लिन्न भन्नेमा ३९ मत व्यक्त छ भने रायसल्लाह विशेषतया मिल्ने साथीसँग नै गर्ने पक्षबारे देखाएको छ ।

माथिको तालिकालाई अध्ययन गर्दा दम्पत्तीबीच यौनसम्बन्धी मनमुटाव भएमा वा यौन सम्बन्धीका निम्न विषयमा चर्चा हुने गरेको पाइएको छ । जस अन्तर्गत यौन आनन्द अनुभूति गराउन

सहयोग गर्ने बारे १४%, यौन उत्तेजना बढाउन सकिने बारे ६% यौन तथा प्रजननस्वास्थ्यबारे ६२% र विभिन्न नयाँ-नयाँ आसन बारे ९% दर्शाएको पाइन्छ ।

माथिको तालिकालाई विश्लेषण गर्दा पाउँछौ कि मनमुटाव वा खटपट सामान्य कुरा हो । स्वस्थ यौनजीवन अपनाउनु प्रत्येक व्यक्तिको आधारभूत आवश्यकता हो र यसतर्फ शिक्षित वर्गपनि एक आपसमा खुलेर कुरा गर्ने, छलफल नयाँ नयाँ खोज तर्फ अग्रसर नै रहेको पाईन्छ चाहे त्यो विविधपक्षसँग सम्बन्धित किन नहोस् ।

## ४.१९ परिवार नियोजनकोसाधन प्रयोग सम्बन्धमा

विवाह पश्चात ढिलो सन्तान जन्माउने, जन्मिएका सन्तान विच उचित जन्मान्तर राख्न प्रत्येक जोडीले परिवारनियोजनका साधन बारे जनाकारी राख्ने नै गर्दछ र आफूलाई उपयुक्त लाग्ने साधनको प्रयोगमा अभ्यासरत नै रहेको हुन्छ । उपयुक्त सन्दर्भमा अनुसन्धान प्रश्नमा पनि शिक्षित विवाहित वर्गले परिवार नियोजनका साधनबारे जानकारी राखे नराखेको , कण्डम/फेमिडम को प्रयोगमा एक अर्काको सहयोग लिने सम्वन्धमा सुमधुरता थप्ने अभ्यास रहे नरहेको र प्राकृतिक विधिहरु जस्तै With draw method लगायत महिलाका लागि उपयुक्त क्यालेण्डर विधिको अवगतता बारे जिज्ञासा पोख्ने काम गरिएको थियो । यसरी दम्पत्तीले कुन साधनको प्रयोगमा बढी रुचि दर्शाएको छ निम्न चित्रबाट स्पष्ट गर्न खोजिएको छ :-

**चित्र नं. १५:-परिवार नियोजनको साधन प्रयोग सम्बन्धमा**

| क.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | अस्थायी साधन | २५ | ५० |
| २ | स्थायी साधन | १० | २० |
| ३ | प्राकृतिक तरिका | ७ | १४ |
| ४ | प्रयोग नै गर्दिन | ८ | १६ |
| | **जम्मा** | **५०** | **१००** |

परिवारनियोजन सम्वन्धमा सन् २०११ सम्म नेपाल अधिराज्यभर परिवारनियोजनबारे जानकारी शतप्रतिशत जनताले पाएको र परिवार नियोजनको प्रयोग दर ४९.७% पुगेका जनाएको छ । (राष्ट्रिय जनगणना २०६८ अनुसार)

माथिको तालिकालाई हेर्दा परिवार नियोजनको अस्थायी साधन प्रयोगकर्ता ५० प्रतिशत, स्थायी साधन प्रयोगकर्ता २० प्रतिशत र प्राकृतिक तरिका अपनाउनेमा १४ प्रतिशत र म FP को कुनै तरिका प्रयोग गर्दिन भन्नेमा १६ प्रतिशत रहेको देखिन्छ ।

माथिको तालिका विश्लेषण गर्दा हामी पाउँछौ कि आज हरेक मानिस सानो परिवार, दुई जन्म बीच उचित जन्मान्तर र विवाहको केही समयसम्म भविष्य निर्माणका उद्धेश्यबाट प्रेरित भै FP का

साधनको प्रयोगबाट शिशु जन्म लाई केही परलाने सोचबाट परिवार नियोजनको सुरक्षित साधनको खोजी मै अभ्यस्त रहेको हुन्छ । (२०६८ को जनगणनाले पनि साला खाला बार्षिक जनसङ्ख्या बृद्धिदर १.३५ प्रतिशत रहेको जनाएको छ ।)

## ४.२० वैदेशिक रोजगार वा अन्य काम विशेषले टाढा रहने दम्पत्तिबीच व्याप्त वेश्यागमन प्रतिको धारणा

आज रोजगारीको सिलसिलामा प्रत्येक दिन १५०० सयको हाराहारीमा युवाजनशक्ति विदेसिँदो रहेको तथ्याङ्क आएको छ । सन २०११ को रिपोर्टअनुसार पनि कुल जनसंख्याको ६.८ प्रतिशत व्यक्ति देश बाहिर छ । त्यस्तै (सन २००१ देखि २०११ को अवधिमा विदेशिने पुरुषहरु १४७.८ प्रतिशतले र महिला १८७.० प्रतिशत ले वृद्धि भएको छ । (स्रोत CBS 2014)

माथिको तथ्याङ्कले आज देशमा श्रीमान/श्रीमति  लामो समयसम्म छुट्टिएर बस्नेको संख्या अत्यधिक रहेको छ । गाउँघरमा सामाजिक कार्यमा संलग्न हुन पुरुष नभई  मलामी देखि पुननिर्माण र खेतीपातीमा एकल महिलाहरु सहभागी रहेको समाचार पत्र-पत्रिका संचारका माध्यमले छापी रहन्छ । तसर्थ यस्तो परिस्थिति मानवीय यौनआवश्यकता परिपूर्तिमा बेश्यावृत्ति फैलिदाँ अवस्थामा छ जसले सामाजिक विकृति, विसंगति र पारिवारिक संरचनामा नै खलल पुर्याएको मर्मबाट आमनेपालीलाई सोचनिय बनाएको । यसै सन्दर्भलाई आत्मसात गर्दै एउटा शिक्षित विवाहित वर्गले वर्तमान सन्दर्भमा भूसको आगो झै बल्दो वेश्यागमन प्रकृतिलाई कसरी  हेर्नुहुन्छ भनि सोधिएको प्रश्नबाट प्राप्त प्रतिउत्तर निम्नबमोजिम तालिकामा देखाइएको छ :-

**तालिका नं. १६:-बढ्दो व्याप्त वेश्यागम प्रवृत्तिप्रतिको विचार**

| क्र.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | एकदम अनुचित हो | १२ | २४ |
| २ | समय परिस्थिति अनुरुप आधारभूत आवश्यकता पुरा गर्नै गर्छ | १८ | ३६ |
| ३ | यसले अपराध/ सामाजिक उदण्डता | ५ | १० |
| ४ | अनुत्तरित नै छु | १५ | ३० |
| | **जम्मा** | **५०** | **१००** |

माथिको तालिका अनुसार बढ्दो वेश्यागमन प्रवृत्तिलाई एकदमै अनुचित हो भन्नेमा २४%, समय परिस्थिति अनुरुप आधारभूत आवश्यकता पूरा गर्नै पर्छ भन्नेमा ३६%, यसले अपराध/सामाजिक उदण्डता बढाउँछ भन्नेमा १०% र अनुत्तरित नै छु भन्नेमा ३०% मत रहेको पाइयो ।

माथिको प्राप्त तथ्याङ्कलाई विश्लेषण गर्दा हामी पाउँछौं कि हाम्रो समाज कतातिर डोरिदैछ । यसले हाम्रो पारिवारिक संरचना, संस्कार र जीवनमा नै अवको केही समय पश्चात भूचाल ल्याउनेबारे

सबैले मनन गर्न जरुरी छ । किनकी सामाजिक संरचना, सोच र प्रवृत्तिको नकारात्मक परिवर्तनले ठूलो समस्या निम्त्याउँन सक्ने छ ।

## ४.२१ मानवीय जीवनमा यौनक्रियाकलापको आवश्यकता सम्बन्धमा

विभिन्न मनोविद्ध, दार्शनिक सोच, चिन्तन, धर्म संस्कार र मानवीय आधारभूत आवश्यकताको परिधि भित्र रहेर मानिसले आफ्नो जीवनमा यौनको आवश्यकता किन ठान्दछ ? यसको आवश्यकता केका लागी भन्ने सोचलाई उत्तरपत्र मार्फत उर्तान उक्त प्रश्नलाई अनुसन्धानको अन्तिम प्रश्नको रुपमा राखिएको थियो । जसको प्राप्त विवरणलई निम्न तालिकाबाट दर्शाउन खोजिएको छ :-

**तालिका नं. १७:-मानवीय जीवनमा यौनक्रियाकलापको सम्बन्धमा**

| क्र.स | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | वंश वृद्धि गर्न मात्र | १ | २ |
| २ | मानवीय जीवनमा सन्तुलन ल्याउन | ४० | ८० |
| ३ | आनन्द, रमाइलो पक्ष समेट्न | ४ | ८ |
| ४ | जरुरी छ जस्तो लाग्दैन | ० | ० |
| ५ | माथिका तिनै पक्षलाई समेट्छु भन्नेमा | ५ | १० |
| | **जम्मा** | **५०** | **१००** |

माथिको तालिकालाई अध्ययन गर्दा हामी पाउँछौं कि मानवीय जीवनका यौनक्रियाकलापको आवश्यकता किन भन्नेमा वंशवृद्धि गर्न मात्र भन्नेमा २% मानवीय जीवनमा सन्तुलन ल्याउन भन्नेमा ८०%, आनन्द , रमाइलो पक्ष समेट्न भन्नेमा ८% र यी माथिका तिनै पक्षमा ( ) चिन्ह लगाउनेमा १०% प्रतिउत्तर प्राप्त भयो भने जरुरी छ जस्तो लाग्दैन भन्नेमा कुनै मत खसेको पाइएन ।

माथिको तालिकालाई विश्लेषण गर्दा हामी पाउँछौ कि प्रत्येक उत्तरदाताले मानवीय जीवनमा यौनक्रियाकलाप आवश्यक छ, यो आधारभूत आवश्यकता हो र मानवीय जीवनमा सन्तुलन बनाई राख्न यो जीवनको नितान्त व्यक्तिगत र आवश्यक पक्ष हो भनि स्विकार गरेकाछन् ।

यसर्थ आउनुहोस यौनजीवन, यौनक्रियाकलाप, यौनस्वास्थ्य, यौनआवश्यकता बारे हामी शिक्षित वर्ग बीच खुलेरै कुरा गरौं । यसमा किन हिचकिचाहट, आफ्नो परिवार, बालबच्चा र आफन्तजनमा यस विषयको जटिलता, आवश्यकता र महत्वलाई आत्मसात गर्दै आफ्नै परिवार र साथी भाई माझबाट सही सूचना, तथ्य, सन्दर्भ र समसामयिक विषय सही सुचना, तथ्य , सन्दर्भ र समसामयिक विषय वस्तुमा विचार मन्थन गर्ने आवश्यकता को सुरुवात गरौं ।

## ४.२२ प्रमुख प्राप्तिहरु

अनुसन्धानबाट प्राप्त तथ्याङ्कको व्याख्या र विश्लेषणको आधारमा नतिजालाई देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

४.२२.१. अनुसन्धानको क्रममा प्रश्नपत्रको सङ्कलित उत्तरपूस्तिका अनुसार महिला उत्तरदाता २८ प्रतिशत र पुरुषको सङ्ख्या ७४ प्रतिशत रहेको छ ।

४.२२.२ यौनसम्पर्क राख्न रुचाएको समायावधि सम्वन्धमा आफ्नो दृष्टिकोण राख्नेमा दैनिक भन्नेमा ९ जना, हप्तामा एकपटक भन्नेमा १६ जना, हप्तामा २ पटक सम्म भन्नेमा १२ जना र अनियमित हुन्छ भन्नेमा १३ जना रहेको छ ।

४.२२.३ यौनसम्पर्कको उपयुक्त लाग्ने समय सम्वन्धमा बेलुका भन्नेमा ६४ प्रतिशत, विहान भन्नेमा १६ प्रतिशत, दिउँसो भन्नेमा ५ प्रतिशत र समय नै याद हुँदैन भन्नेमा १६ प्रतिशत मत रहेको छ ।

४.२२.४यौनसम्पर्कमा लाग्ने समायवधि सम्बन्धमा ५ मिनेटभन्दा कममा २० प्रतिशत, , ५ देखि १० मिनेटमा ३६ प्रतिशत, १० देखि १५ मिनेटमा ३० प्रतिशत र १५ मिनेट भन्दा बढी मा १४ प्रतिशत अभिमत रहेको छ ।

४.२२.५ यौनसम्पर्क पूर्व राखिने पाकक्रिडा मा  गर्न रुचाउने क्रियाकलाप सन्दर्भमा चुम्बन साटासाट गर्ने भन्नेमा २४ प्रतिशत, गुप्ताङ्गको स्पर्श/मर्दन/चुम्वन गर्ने भन्नेमा १० प्रतिशत, निर्वस्त्र भै प्रस्तुत हुनेमा २० प्रतिशत र ख्याल ठट्टा रमाईलो गर्नेमा २० प्रतिशत साथै उक्त चारै बुँदामा ( ) चिन्ह लगाउनेमा १६ प्रतिशत र कुनै प्रतिक्रिया नै नदिने उत्तरकर्तामा ६ प्रतिशत मत रहेको पाइयो ।

४.२२.६ यौनसाथीका आकर्षक बानीमा मत दिने अन्तर्गत सफा सुग्घर बस्नेमा ७० प्रतिशत, आकर्षक व्यक्तित्व हाउभाउ र बोलिमा २२ प्रतिशत, फेशनदार पहिरनमा ८ प्रतिशत मत रहेको छ भने गरगहना, सौन्दर्यको साधन प्रयोग गर्नेमा कुनै मत रहेको पाइएन ।

४.२२.७ विपरित लिङ्गप्रतिको आकर्षण अन्तर्गत अलि बढी नै हुन्छ भन्नेमा १४ प्रतिशत, आकर्षण तर्फ मन जाँदैन भन्नेमा १२ प्रतिशत, केहि केहि मात्र हुन्छमा ४० प्रतिशत  र त्यस्तो अनुभूति हाल सम्म छैनमा ३४ प्रतिशत जवाफ आएको देखिन्छ ।

४.२२.८यौनजन्य वैकल्पिक साधनको प्रयोगको अवस्थामा आफ्नो मत राख्नेमा ब्लूफिल्ममा १६ प्रतिशत, सेक्स टोयमा ४ प्रतिशत, पत्रपत्रिका ,लेख रचनामा २६ प्रतिशत र माथिका कुनै पनि होइनमा ५४ प्रतिशत जवाफ आएको देखिन्छ ।

४.२२.९ यौनउत्तेजना बढाउन सहायक तत्व  सम्बन्धमा नग्न शरीर (गोप्य अंग , पुष्ट छाती) मा ४४ प्रतिशत, भित्री वस्त्रमा १६ प्रतिशत, ब्लूफिल्म, उत्तेजक दृष्य, तस्वीर मूर्ति भन्नेमा १० प्रतिशत र त्यस्तो कुनै अनुभूति छैन भन्नेमा ३० प्रतिशत जवाफ प्राप्त भएको छ ।

४.२२.१०.असमान्य यौनव्यवहारको जानकारीको अवस्था अन्तर्गत बालबालिकाजन्य यौनव्यवहार भन्नेमा २६ प्रतिशत, पशुजन्य यौनव्यवहारमा १२ प्रतिशत, बलात्कार/जवरजस्ती करणीमा १४ प्रतिशत, अत्यधिक यौनचाहनामा १० प्रतिशत र माथिका सबै बुँदामा चिन्ह लगाउने १२ प्रतिशत रहेका छन् ।

४.२२.११यौन आकर्षणमा वातावरणीय अवस्था अन्तर्गत अत्याधिक यौनचाहना हुन्छ भन्नेमा १८ प्रतिशत, आकर्षण त्यस्तो केही गर्दैनमा ६ प्रतिशत, केही रोमाञ्चित तुल्याउँछ मा ४४ प्रतिशत र त्यतातिर विचार नै गरेको छैनमा ३२ प्रतिशत जवाफ प्राप्त छ ।

४.२२.१२यौनसम्पर्कमा बाधा आए दम्पत्तीको अनुभव अन्तर्गत मन खिन्न भएर आउँछमा ३ प्रतिशत, रिस उठ्न थाल्ने, झर्को लागे जस्तो हुन्छमा ४ प्रतिशत, सम्वन्धमा नै खल्लोपन आए जस्तो हुन्छमा १६ प्रतिशत र खासै त्यस्तो विचार गरिएको छैनमा ५० प्रतिशत जवाफ प्राप्त भएको छ ।

४.२२.१३सुमधुर यौनजीवन बनाउन दम्पत्तीले गर्ने क्रियाकलाप अन्तर्गत यौन साथीसँग बेला बेला घुम्न जानेमा ६ प्रतिशत, मदिरा सेवन , जमघट र खानपीन गर्नेमा १० प्रतिशत, क्लव पाटी जाने , नाच्नेमा ६ प्रतिशत र यौनवर्द्धक औषधी पनि प्रयोग गर्नमा ६ प्रतिशत मत प्राप्त भएको छ ।

४.२२.१४गर्भावस्थामा यौनसम्पर्कको अवस्था अन्तर्गत कहिले काही सुरक्षित विधिबाट मा ४८.८३ प्रतिशत, त्यस्तो रुचि नै भएनमा ४१.८६ प्रतिशत र साविककै प्रक्रिया चलिरहयोमा ९.३० प्रतिशत जवाफ प्राप्त भयो ।

४.२२.१५सन्तानको जन्म पश्चात यौन जीवनको सुरुवात सन्दर्भमा १ महिना पछिमा २३.२५ प्रतिशत, ४५ दिन पछिमा ३२.५५ प्रतिशत, ३ महिनापछिमा ३४.८८ प्रतिशत र ६ महिना पश्चातमा ९.३० प्रतिशत  मत प्राप्त भएको छ ।

४.२२.१६यौनव्यवहारको प्रयोगको अवस्थामा गुद्धद्वार मैथुनमा ८ प्रतिशत, मुख मैथुनमा २२ प्रतिशत, हस्त मैथुनमा २४ प्रतिशत, यौनजन्य खेलौनाको प्रयोगमा १२ प्रतिशत, माथिका सवै बुँदामा ( ) चिन्ह लगाउनेमा २४ प्रतिशत र प्राप्त अनुत्तरित उत्तरकापीमा १० प्रतिशत रहेको पाइयो ।

४.२२.१७विवाहपुर्वको यौनसम्पर्कप्रतिको अवधारणा अन्तर्गत समयको माग अनुसार ठिकै लाग्छमा ३४ प्रतिशत, अनुचित नै लाग्छमा ५२ प्रतिशत, सुरक्षित तरिका अपनाउँदा ठीकै हो भन्नेमा ४ प्रतिशत र भविष्य निर्माणको क्रममा ठीकै मान्नुपर्छमा १० प्रतिशत मत जाहेर भएको पाइएको छ ।

४.२२.१८विवाहितको यौनजीवनमा सृजित समस्या बारे चर्चा गरिने विषय अर्न्तगत यौनआनन्द अनुभूति गराउन सहयोग गर्ने बारेमा १४ प्रतिशत, यौन उत्तेजना कसरी बढाउन सकिन्छ बारेमा ६ प्रतिशत, यौन तथा प्रजनन स्वास्थ्यबारे ६२ प्रतिशत र विभिन्न नयाँ नयाँ यौन आसन बारेमा १८ प्रतिशत मत जाहेर गरेको पाइयो ।

४.२२.१९परिवार नियोजनकोसाधन प्रयोग बारे जानकारी सम्बन्धमा अस्थायी साधनमा ५० प्रतिशत, स्थायी साधनमा २० प्रतिशत, प्राकृतिक तरिकामा १४ प्रतिशत र प्रयोग नै गर्दिन भन्नेमा १६ प्रतिशत जवाफ आएको देखिन्छ ।

४.२२.२०वैदेशिक रोजगारी वा अन्य काम विशेषले टाढा रहने दम्पत्तीबीच व्याप्त वेश्यागमन प्रवृत्तिको धारणा सम्बन्धमा एकदमै अनुचित हो मा २४ प्रतिशत, समय परिस्थिति अनुरुप आधारभूत आवश्यकता पूरा गर्नै पर्छ भन्नेमा ३६ प्रतिशत, यसले अपराध⁄ सामाजिक उदण्डता बढाउँछमा १० प्रतिशत र अनुत्तरित उत्तरपुस्तिकामा ३० प्रतिशत जवाफ प्राप्त भएको देखिन्छ ।

४.२२.२१मानव जीवनमा यौनक्रियाकलापको आवश्यकता बारेको विचार अन्तर्गत वंशवृद्धि गर्न मात्रमा २ प्रतिशत, मानवीय जीवनमा सन्तुलन ल्याउनमा ८० प्रतिशत, आनन्द, रमाइलो पक्ष समेट्नमा ८ प्रतिशत र जरुरी छ जस्तो लाग्दैन मा कुनै अभिमत प्राप्त छैन भने माथिका तीनै बुँदामा सहमति जनाउनेमा १० प्रतिशत जवाफ प्राप्त भएको छ ।

# परिच्छेद-पाँच

# सारांश, निष्कर्ष र सुझावहरु

## ५.१ सारांश

यो अनुसन्धान इटहरी उपमहानगरपाकिा अन्तर्गत मुख्यतया शिक्षित विवाहित दम्पत्तीहरु माझ सम्पन्न गरिएको छ । शिक्षित वर्गको छनौट अन्तर्गत जनता बहुमुखी क्याम्पसका, विश्वआदर्श क्याम्पसका तथा श्री ज्योति उच्च मा.वि. का शिक्षक शिक्षिकाहरु, इटहरी शहर क्षेत्रमा रहेका व्यापारी, गृहिणी र केही सुरक्षाकर्मीहरुबाट प्राप्त प्रतिउत्तरलाई आधारमानी तयार गरिएको छ । प्रथम चरणमा १५० प्रति प्रश्नपत्र बाँडेर तथ्याङ्क संकलन गर्ने कार्य भयो भने जनता बहुमुखी क्याम्पसबाट ४० प्रति प्रश्नपत्र बाँडिएकोमा ७ वटा मात्र प्रतिउत्तर प्राप्त भएकोले पुनः २० प्रति प्रश्न छपाई गरी पुनः वितरण गरी जम्मा १७ थान उत्तरपुस्तिका संकलन गर्ने कार्य भयो । यसरी जम्मा ५० वटा मात्र उत्तर पत्र प्राप्त भएकोले त्यसैलाई आधार मानी यो शोध पत्र तयार पार्ने काम गरिएको हो ।

यस अनुसन्धानमा ५० जना उत्तर दातामध्ये २८ प्रतिशत महिलाको संख्या छ भने सहभागी पूरुष संख्या ७४ प्रतिशत रहेकोमा १४ प्रतिशत सन्तान नभएका अर्थात गर्भ धारण नगरेका प्रतिउत्तरको निचोड निकालिएको छ । विभिन्न साहित्यको पुनरावलोकन गर्दै अनुसन्धानको शीर्षकलाई सक्दो न्याय गर्ने प्रयास गरेकी छु । हुनत हाम्रो समाज यौनप्रति अत्यन्तै संकुचित धारणा पाल्दै आएको छ यहाँ यौनजन्य कुरा गर्न वर्जित छ, मान्छे यौनको कुरा गर्न हिचकिचाउँछन । अध्ययनकर्तालाई पनि अनुसन्धानको शीर्षक भन्न, उत्तरदातासँग प्रश्नपत्र भरि खामबन्दी गरी पत्रमंजुसामा राख्नका निमित्त अनुरोध गर्दा पनि निकै चुनौतीको सामना गर्नु पऱ्यो । कत्तिले त अनुसन्धान गर्न कुनै अर्को शीर्षक भेटिनस, भन्ने सम्मको अभिव्यक्ति दिनुभयो । यत्रि हुँदा हुँदै पनि समाजमा व्याप्त यौन विकृति, विसंगति, वेश्यावृत्ति मौलाएको, प्रत्येक दिन संचार साधनहरुमा सम्वन्धविच्छेद, बलात्कार, बालबालिकामा यौनदुर्व्यवहार लगायत वैदेशिक रोजगारीले भूसको आगो झैं सल्काएको यौनविकृत व्यवहारले मलाई यस विषय प्रति सानो भएपनि प्रयास गर्न मन लाग्यो । हाम्रो समाजमा एउटा शिक्षित विवाहित वर्ग यौनलाई जीवनमा कत्तिको महत्व दिन्छ ? कस्ता-कस्ता आचरण, शैली र व्यवहारतर्फ झुकाव राख्छ ? समाजमा व्याप्त यौनजन्य क्रियाकलाप र अपराध प्रति कस्तो धारण राख्दछ भनि उब्जिएको जिज्ञासा मेट्ने प्रयास स्वरुप मैले उक्त विषयवस्तुलाई अनुसन्धानको विषय रोजेकी हुँ । यस जिज्ञासालाई मेट्न अनुसन्धान प्रश्नको रुपमा ४९ वटा प्रश्नहरु राखिएको छ भने प्राप्त प्रतिउत्तर लाई संख्या र प्रतिशत को आधारमा २१ वटा तालिका र चित्र मार्फत प्राप्त निचोडलाई प्रस्तुत गरिएको छ । प्रत्येक तालिका अन्तर्गत चित्रको स्पष्ट व्याख्या, विश्लेष र प्रस्तुती क्रमैसँग गरिएको छ भने परिच्छेद ४ को अन्तमा साराँशमा निचोड पनि प्रस्तुत गरिएको छ ।

## ५.२ निष्कर्ष

मानवको सृष्टिकालबाट नै वंशवृद्धि गर्नहोस या आनन्द, रमाइलो र सन्तुष्टिको पक्ष समेट्न मानिस यौनजन्य क्रियाकलापमा संलग्न रहँदै आएको मानव अस्तित्वले निरन्तरता प्राप्त गरिनै रहेको छ । मानिस धनी होस् या गरिव, शिक्षित होस् या अशिक्षित, अपाङ्ग होस् या सपाङ्ग उमेरको परिपक्कता सँग यौन चाहना र आवश्यकतालाई महशुस गर्दै यसको प्राप्ती तर्फ जीवनचक्र डोहोराईरहेको हुन्छ । प्रत्येक व्यक्तिको धर्म, संस्कृति, रितिरिवाज र चाहना अनुरुप व्यक्तिले विविध बाटो अपनाई आफ्नो यौनचाहना र आवश्यकतालाई पूरा गर्दै आईरहेको छ । तर प्रत्येक व्यक्तिको परिस्थिति, अवस्था, चाहना, इच्छा र आवश्यकता अनुरुप विविध बाटाहरु, विकल्पहरु का माध्यमबाट आफ्ना चाहना/ आवश्यकता प्राप्त गरिरहेको हुन्छ मानवले । पौराणिक कालमा धर्मग्रन्थ, मन्दिर, टुडाँल लगायत दरबार, महल लगायत शिलालेख, ताम्रपत्र मार्फत मासिनले यौनको कुरा व्यत्तः गर्दै आएको छ । यसरी मानव मानव जीवनकै आधारभूत आवश्यकता भित्र पर्ने उक्त तथ्य बाट भने मानव खुलेर कुरा गर्न चाहँदैन, आफ्ना भावना, चाहना, आवश्यकता, समस्या र कठिनाई को सही , स्पष्ट, वैज्ञानिक र मान्य निचोड अथवा समाधान तर्फ कमै चासो दिन्छ । आजसम्म प्रत्येक शताब्दी वा समयकालमा मानिसले आफूमा भएको कला, कौशल, सीप, धारणा र तथ्याङ्कहरु अर्को पिढीलाई हस्तान्तरण गर्दै आइरहेको भएता पनि आजको २१ औं शताब्दीको आधुनिक युगमा पनि सिक्ने, सिकाउनुपर्ने पक्ष अन्तर्गत मानवीय यौन स्वास्थ्य, चासो, सन्दर्भ र विषयवस्तुलाई वैधानिक तरिकाले औपचारिक रुपमा उमेर, स्तर, तह र परिवेश अनुकूल यौन शिक्षा बारे जानकारी दिने प्रक्रिया अपनाउनमा कन्जुस्याई नै देखाएको पाइन्छ ।

मानव विज्ञान र प्रविधिले अफूलाई सुस्वस्थ मानव भन्न रुचाएपनि मानिसको नितान्त नजिक रहेको विषय यौनतर्फ ढोङ्गी कै चरित्र देखाउन पछि पर्दैन । फलत : वर्तमान समाजामा यौनहिंसा, यौनदुर्व्यवहार योनशोषण, बलात्कार, हत्या र यौनविकृतिको विगविगी रहेको छ । एउटा शिक्षित वर्ग यस विषयमा के सोच्दछ, आफ्नो व्यक्तिगत जीवनमा पनि यौनजन्य क्रियाकलाप, शैली तथा सोचलाई कसरी अगाडी लिएर जीवनदर्शन संचालन गरिरहेको छ ? समाजमा व्याप्त यस्ता क्रियाकलाप प्रति कस्तो धारणा राख्दछ भन्ने विषयको जिज्ञासा मेट्न गरिएको यो अनुसन्धानको निचोड मिश्रित रहेको छ । अधिकांशले समयको परिवर्तनसँग आफ्नो सोच र आचरणमा पनि नयाँपन (नयाँ आधुनिक साधन र श्रोत) को प्रयोग तर्फ रुचि रहेको जनाएका छन भने केहीले आफ्ना प्रमुख लक्षित प्रश्नहरुको उत्तरमा अनुत्तरित भै आफैं अलमलमा परेको प्रष्ट्याउनु भएको छ । भने समग्रमा एक शिक्षित वर्गलाई मात्र आधारमा मानि अनुसन्धान गरिएको निष्कर्षहरु सकारात्मक तर्फ नै लक्षित रहेको पाइएको छ । भने वेश्यावृत्ति वा परपुरुषगमन वा परस्त्रीगमन र विवाह पूर्वको यौनसम्वन्ध लगायत आधुनिक यौनजन्यसाधन, स्रोत र प्रविधि प्रति हाम्रो सामाजिक संरचना धर्म संस्कृति र चालचलन भन्दा भिन्न विचारतर्फ समाज रुपान्तरण हुनतर्फ अग्रसर रहेको देखाउँछ ।

## ५.३ सुझावहरु

### ५.३.१ नीति निर्माता तहका लागि सुझाव

यौनव्यवहार, यौनआचरण र यसको प्रयोग प्रत्येक मानवजीवनको आधारभूत आवश्यकता हो । स्वास्थ्य, संयमित र सर्वस्विकार्य यौनआचरणद्वारा नै स्वस्थ्य समाजको सृजना गर्न ठूलो योगदान पुग्ने छ । आज समाजमा व्याप्त व्यभिचार यौनकुण्ठा र विकृति यौनिक समस्याले विकराल तथा भयावह रुप लिंदै गएको सर्वविदितै छ । आज प्रत्येक समाचारको एक विशिष्ट खवरको रुपमा वलात्कार, हाडनाता करणी , विकृति यौनव्यवहार द्वारा सृजना समस्याका कारण हत्या, हिंसा जस्ता कुरा दिनानुदिन पढ्न सुन्न र आफै वरिपरि हेर्न पाइरहेको अवस्था छ । यसर्थ स्वस्थ्य पूर्ण यौनआचरण, संयमित यौनजीवन र प्रत्येक यौनसमस्याको सहज निराकरणका निमित्त यौनपरिपक्कतासँग प्रत्येक व्यक्तिले जान्न आवश्यक छ । जसको लागि माथिल्लो नीति निर्माता तह मा सामाजिक परिवेश, समयको माग र जग सुहाउँदो ढँग बाट सन्तुलित सामाजिक संरचनाको निर्माण मा सम्बन्धित विषय अन्तर्गत रहेर निम्न सुझाव दिन सकिन्छ :-

५.३.१.१ विद्यालयका पाठ्यक्रममा अन्य अनिवार्य विषय सरह प्रजनन तथा यौनशिक्षा लाई अनिवार्य गर्दै उमेर र कक्षागत स्तर स्वरुप प्रजनन तथा यौनशिक्षा बारे पाठ्यक्रम तयार गरि पठन पाठनको व्यवस्था मिलाउनु पर्नेछ ।

५.३.१.२ अभिभावक, शिक्षक लगायत प्रत्येक क्षेत्रमा कार्यस्त जनशक्तिलाई विभिन्न चेतनामूल्क कार्यक्रमको समय समयमा आयोजना गरी यौन, यौनिकता र प्रजनन स्वास्थ्य लगायत परिवार नियोजन सम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

५.३.१.३. विभिन्न सञ्चारका साधन लगायत फिल्महरुमा अश्लील चित्र, यौन उत्तेजक कार्यक्रमहरुमा निश्चित सिमा र नियम लागु गरि सञ्चालन गर्ने अनुमति दिनुपर्छ ।

५.३.१.४वैदेशिक रोजगारीका कारण विदेशिने यूवा जनशक्ति लाई आफ्नै देशमा रोजगारीको अवसर सृजना गरी पारिवारिक विखण्डन र सामाजिक विकृति फैलनबाट जोगाउने कार्यक्रम निर्माण तर्प निति निर्माताले ध्यान पुऱ्याउनु पर्दछ ।

५.३.१.५ स्थानीय स्तरमा पनि कलेज, स्कुल, विभिन्न संघ संस्था लगायत कार्यालयमा कार्यरत व्यक्तिहरुलाई सम्बन्धित निकायले नै जनचेतनामूलक कार्यक्रमको बेला बेलामा आयोजना गर्ने गर्नुपर्दछ ।

५.३.१.६ साथै यौनअपराध, यौनहैरानी लगायत बलात्कार, हाडनाता करणी, चेलीबेटी बेचविखन, महिला हिंसा कार्यक्रम जस्ता मुद्धाहरुमा कडा भन्दा कडा कानुनी नियमको व्यवस्था तर्फ स्थानीय सरकार , प्रदेश सरकार र संघिय सरकार लगायत सरोकार राख्ने निकायले पनि अग्रसरता देखाउनु पर्ने आजको माग रहेको छ ।

## ५.३.२ अभ्यासकर्ताको लागि सुझाव

यौन र यौनसम्बन्धी सम्पूर्ण पक्ष प्रत्येक व्यक्तिको नितान्त नजिक, चासोको विषय र अत्यावश्यक पक्ष पनि हो यसर्थ प्रत्येक व्यक्ति/ शिक्षितवर्गले यस प्रति सकारात्मक सोच राख्नु पर्दछ । आफ्ना समस्या, कठिनाई र जिज्ञासाका विषयमा खुलेर कुरा गर्ने अभ्यासको थालनी गर्नु पर्दछ । प्रजनन स्वास्थ्य, परिवारनियोजन लागयत यौनव्यवहार, शैली र धारणा प्रति स्पष्ट वैज्ञानिक र पूर्ण ज्ञानको विकास तर्फ ध्यान पुऱ्याउनु पर्दछ । जसका लागि सम्बन्धित विशेषज्ञ, स्वास्थ्यकर्मी लगायत विज्ञ व्यक्तिसँग राय सल्लाह लिने नियमित स्वास्थ्य परीक्षणको अभ्यासको थालनी गर्ने र श्रीमानश्रीमती बीच खुलेर एक अर्काको रुचि, चाहना, आवश्यकता, समस्या र अप्ठ्याराहरुको सही निकाश निकाल्ने परिपाटीको अभ्यास प्रत्येक व्यक्तिले आफ्नो नीजि जीवनबाटै स्विकार गर्नुपर्दछ । र यौन र यौनिकताका कुरा गर्नु अश्लिल माग होइन, स्वस्थ्यपूर्ण जीवनको एक आधारस्तम्भ को रुपमा स्विकार्दै उक्त सम्बन्ध पक्ष पनि संरचनाको महत्वपूर्ण पक्षको हो भनि यसको महत्व र अनिवार्यता लाई बुझी यो अनुरुपको अभ्यासको थालनी गर्नुपर्दछ ।

## ५.३.३ अनुसन्धानकर्ताको लागि सुझाव

विश्वविद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुले अरु विषय सो स्वरुप यौन, यौनआचरण, यौनस्वास्थ्य, यौनहिंसा लगायत स्वस्थ्यपुर्ण यौनजीवन तर्फ लक्षित भै अनुसन्धान मूलक कार्यहरु गर्नुपर्नेछ । कलेज, विद्यालयका शिक्षक शिक्षिका लगायत विविध क्षेत्रमा संलग्न व्यक्तिहरुले पनि उक्त विषयलाई अनुसन्धानको विषयको रुपमा महत्व प्रदान गर्नुपर्नेछ । कलेज, विद्यालय, सुरक्षाक्षेत्र, सरकारी कर्मचारी लगायत विभिन्न संघ संस्था र सरोकारवालापक्ष, नागरिक समाज बुद्धिजिवीवर्गले पनि उक्त विषयको गम्भीरता, यसले यौन सर्वपक्षिय असर लगायत त्यसबाट उत्पन्न हुने सामाजिक विकृति, विसंगतिलाई केन्द्रविन्दुमा राख्दै चेतनामूलक नाटक, चलचित्र, कथा, कविता, आलेख लगायत साहित्यीक क्षेत्रबाट पनि विचार सम्प्रेषण गर्ने अठोटका साथ अघि बढ्नु पर्दछ ।

## सन्भर्दसूची

अन्नपूर्ण पोष्ट, शुक्रवार २५ फाल्गुण २०७४ ।

उज्यालो अनलाईन, २०७३ ।

एजेन्सी, By nepkhabar. March 2, 2018

ढकाल, सोमनाथ (२०६५), *स्वास्थयको आधार,* काठमाण्डौ : रत्न पुस्तक भण्डार ।

थापा नवराज, *नेपालको जनसंख्या* काठमाण्डौ, (२०७२ चैत्र) विद्यार्थी पुस्तक भण्डार, भोटाहिटी ।

nagariknews.com बुधवार ९, फाल्गुण २०७४

नेपालको संविधान, २०७२

पुर्वी हटलाईन, २०७४ फाल्गुण २१ सोमवार

पोखेल, डा. सुबोध कुमार, (२०७३) *सम्भोग कला,* काठमाण्डौ, गेलाल प्रकाशन प्रा.लि. ।

ब्लाष्ट दैनिक पत्रिका, शुक्रवार १८ फाल्गुण २०७४

महर्जन, श्याम कृष्ण (२०६८) *मानव यौनिकता र प्रजजन स्वास्थ्य,* काठमाण्डौ : सनलाईट प्रकाशन ।

श्रेष्ठ, ज्ञान बहादुर (२०७३) *मुलुकी ऐन,* काठमाण्डौ : पैरवी प्रकाशन पुतलीसडक ।

रेग्मी, प्रा. डा. मुरारी प्रसाद र साथीहरु (२०६७), *शैक्षिक मनोविज्ञान,* काठमाण्डौ, सनलाईट पब्लिकेशन ( स्टुडेन्टस बुक्स) कीर्तिपुर ।

शाह, संजिवकुमार (२०७३) *छात्राहरुको औपचारिक शिक्षामा यौन हैरानीले पारेको प्रभाव,* स्वास्थ्य तथा जनसंख्या विभाग सुकुना बहुमुखी क्याम्पस मोरङ्ग ।

शिक्षक मंसिर २०७३

www.purbelinews.com

अनुसुची १

त्रि.वि. शिक्षा शास्त्र संकाय

जनता बहुमुखी क्याम्पस

स्वास्थ्यशिक्षा, विभाग

इटहरी, सुनसरी

शिक्षा शास्त्र संकाय, स्वास्थ्य विभाग एम.एड. दोस्रो बर्ष अन्तर्गतको अनुसन्धानात्मक विषय अन्तर्गत, ५० पुर्णाङ्क को शोधपत्र तयार पार्न निर्धारण गरिएका प्रश्नहरु । उक्त सोधपत्रको शीर्षक Sexual Behaviour of Educated married people(**शिक्षित विवाहितहरुको यौन व्यवहार**) रहेको छ । यस अध्ययनको मुख्य उद्देश्य भनेकै विवाहीत जोडिहरुको यौनिक व्यवहारको अध्ययन गर्नु रहेको छ।

नोट : प्रत्येक सहभागीहरुको (उत्तरदाता) व्यक्तिगत गोपनियता लाई पूर्णतया कायम राखिने प्रतिबद्धता राख्दै यहाँबहरुबाट पूर्ण सहयोग हुने आशाका साथ आफ्नो उत्तर(प्रतिक्रिया) बन्द खाममा राखी सुझाव पेटिकामा २ दिन भित्र हालि सहयोग पुर्यादिनुहुन विनम्र अनुरोध गर्दछु।

सीता खनाल

एम. एड. दोस्रो बर्ष

उत्तरदाता क. महिला ख. पुरुष

१. तपाई कति बर्ष पुग्नु भयो ? ............................................

२. तपाईको कति बर्षको उमेरमा विवाह भयो ? ..............................

३. तपाईका सन्तान छन कि छैनन?

क. छन ख. छैन

४. विवाहको कति बर्ष पछाडि तपाईको सन्तान भयो? .........................

५. यौनस्वास्थ्यबारे तपाई अवगत हुनुहुन्छ?

क. छन ख. छैन

६. कस्ता कस्ता रोगहरु यौनरोग भित्र पर्दछन?

क. भिरीङ्गी ख. एच. आइ. भी. एड्स्

ग. गोनोरिया घ. माथिका सबै

७. तपाईको विचारमा यौनसम्पर्क राख्न जरुरी छ वा छैन ?

क. छन ख. छैन

८. स्वास्थ्य यौनजीवन अपनाउन तपाई कति समय अन्तरालमा यौनसम्पर्क राख्न रुचाउनुहुन्छ?

क. दैनिक ख. हप्तामा १ पटक

ग. हप्तामा २ पटक घ. अनियमित

९. यौनसम्पर्कको लागि तपाईलाई कुन समय बढि उपयुक्त लाग्छ?

क. बेलुका ख. विहान

ग. दिउसो घ. खासै समय चाहिदैन ।

१०. कस्तो बाताबरणको यौनसम्पर्कले तपाईलाई बढि आनन्दित तुल्याउँछ?

क. उज्यालोमा ख. बढि प्रकाश, बत्ति, झिलिमीली

ग. अध्यारोमा घ. समयनै याद हुँदैन ।

११. तपाईको यौनसम्बन्ध प्राय कति समयको हुन्छ?

क. ५ मिनेट भन्दा कमको ख. ५-१० मिनेटको

ग. १०-१५ मिनेटको घ. १५ मिनेट भन्दा बढी

१२. यौनसम्पर्क पूर्व गरीनि क्रियाकलाप (Foreplay)बारे अवगत हुनुहुन्छ:

क. छन ख. छैन

१३. यौनसम्पर्क राख्नु अघि तपाईलाई कस्ता कस्ता यौनिक क्रियाकलाप गर्न मन पर्छ?

क. चुम्बन साटासाट Tongue kiss ख. गुप्ताङ्गको स्पर्श, मर्दन, चुम्बन गर्न

ग. निर्बस्त भै प्रस्तुत हुन घ. ख्याल ठट्टा, रमाईलो गर्न

१४. धेरै यौनसाथी वा एकल श्रीमान/श्रीमती विच तपाई कस्तो सम्बन्ध राख्न बढि रुचाउनु हुन्छ?

क. परस्त्रीगमन ख. परपुरुष गमन ग. श्रीमान /श्रीमती विच मात्र

१५. यौनसाथीका कस्ता बानीहरुले तपाईलाई बढि आकर्षण गर्दछ?

क. सफा सुग्घर बस्ने ख. गरगहना, सौन्दर्य साधनको प्रयोग

ग. आकर्षक व्यक्तित्व, हाउभाउ, बोलीचाली घ. फेशनदार पहिरन

१६. श्रीमान /श्रीमती बाहेक अन्य प्रति आकर्षण कस्तो रहन्छ?

क. अलि बढि नै हुन्छ । ख. आकर्षण तर्फ मननै जाँदैन ।

ग. केहि केहि मात्र हुन्छ । घ. त्यस्तो अनुभुती हाल सम्म छैन ।

१७. यौनसम्पर्कलाई थप उत्तेजित/रमाईलो बनाउन तपाई आधुनिक सञ्चार साधन प्रति झुकाव राख्नु हुन्छ वा हुँदैन?

क. हुन्छ ख. हुँदैन

१८. तपाई यौनसँग सम्बन्धि कस्ता कस्ता साधनको प्रयोग/संकलन गर्न रुचाउनु हुन्छ?

क. ब्लूफिल्म ख. सेक्स टोय

ग. पत्र पत्रिका लेख रचना घ. कुनै पनि गर्दिन ।

१९. यौनसाथी प्रति/यौन उत्तेजना बढाउन तपाईलाई के ले बढि आकर्षण गर्दछ?

क. नग्न शरीर (गोप्य अंग, पुष्ट छाति)

ख. भित्री बस्त्रहरु (ब्रा, पेन्टी, अन्डरवेयर, साया)

ग. ब्लू फिल्म, उत्तेजक, दृष्य, तस्बीर, मुर्ति

घ. त्यस्तो कुनै अनुभुति नै छैन

२०. असामान्य यौनव्यवहार बारे सुन्नु भएको छ ?

क. छ ख. छैन

२१. तपाईको विचारमा कस्ता कस्ता यौनव्यवहारहरु असामान्य लाग्दछन्?

क. पशुजन्य यौनव्यवहार (Zoophillia) ग. बलात्कार, जबरजस्ति यौनकरणी

ख. बालबालिकाजन्य यौनव्यवहार (Pedophilia) घ. अत्याधिक यौनचाहना

२२. महिनावारी (Menstruation Period)मा यौनसम्पर्क राख्न तपाई उचित या अनुचित के ठान्नु हुन्छ?

क. उचितै हुन्छ ख. अनुचित

२३. क्यालेण्डर Methodप्राकृतिक परिवार नियोजन विधि बारे अवगत हुनुहुन्छ?

क. छु ख. छैन

२४. बाताबरणीय तत्व (सुन्दर, आर्कषक बाताबरण, सुगन्ध, घुमघाम, बर्षा जाडो) ले तपाइको जिवनमा कस्तो प्रभाव पार्दछ?

क. अत्याधिक यौनचाहना हुन्छ ख. आकर्षण त्यस्तो केहि पार्दैन

ग. केहि रोमाञ्चित तुल्याउछ घ. त्यतातिर विचार नै गरेको छैन

२५. नियमित यौनसर्म्पमा बाधा आए (वा नियमिताको क्रम भंग भए) श्रीमान/श्रीमती विच कस्तो सम्बन्ध महसुस गर्नु भएको छ ?

क. मन खिन्न भएर आउँछ ।

ख. रिस उठ्न थाल्ने, झर्को लाग्ने जस्तो हुन्छ

ग. सम्बन्धमा नै खल्लोपना आए जस्तो हुन्छ

घ. खासै त्यस्तो विचार गरिएको छैन

२६. यौनजिवन रोचक, आकर्षक तुल्याउन तपाई कस्ता कस्ता क्रियाकलाप गर्न रुचाउनु हुन्छ?

क. यौनसाथी सँग बेला बेला विभिन्न ठाउँ घुम्न जाने

ख. मदिरा सेवन, जमघट, खान पिन गर्ने

ग. क्लब, पार्टि जाने, नाच्ने

घ. यौनबर्धक औषधि (Viagra, Lebitra) को प्रयोग

२७. गर्भावस्थामा यौनसम्पर्क राख्न रुचिपूर्ण लाग्दछ या राख्ने नै गर्नु भएन?

क. कहिले काहीं सुरक्षित विधिबाट ठिकै लाग्दथ्यो ।

ख. त्यस्तो रुचि नै भएन ।

ग. साविककै प्रक्रिया नै चलिरहयो ।

२८. सन्तानको जन्म पश्चात यौनजीवनमा कस्तो भिन्नता पाउनु भयो?

क. झनै रमाईलो (बढि नजिक महसुस भएर)

ख. यौनआनन्दमा कमि

ग. यौनसाथीहरु प्रति यौनआर्कषण कम हुन थाल्यो ।

घ. खासै कुनै अनुभुति नै भएन ।

२९. सन्तान जन्मपछि कति समय पश्चात यौनजिवनको सुरुवात गर्नु भयो?

क. १ महिना पछि ख. ४५ दिन पछि

ग. ३ महिना पछि घ. ६ महिना पश्चात मात्र

३०. कस्ता कस्ता यौनव्यवहार तपाईको यौनजिवनमा प्रयोग गर्ने गर्नु भएको छ

क. Anal Sex(गुद्रदार मैथुन) ख. Oral Sex(मुख मैथुन)

ग. हस्तमैथुन घ. यौनजन्य खेलैना प्रयोग गरी (Sex With toys)

३१. विवाह पूर्व ⁄ पछि पनि परस्त्रीगमन ⁄ परपुरुषगमनको अनुभुति लिनु भएको छ कि छैन?

क. छ ख. छैन

३२. विवाह पूर्वकोयौनसम्पर्क लाई कस्तो रुपमा लिनुहुन्छ?

क. समयको माग अनुसार ठिकै लाग्छ ख. अनुचित हो जस्तो लाग्छ

ग. सुरक्षित तरिका अपनाउँदै राखिएको सम्बन्धले भविष्यको निर्माणको सपना पुरा नहुन्जेल ठिकै मान्नु पर्छ ।

३३. श्रीमान ⁄ श्रीमतीबीच यौन समस्या⁄खटपट⁄मनमुटाव आएमा कसैसँग राय सल्लाह लिने गर्नु भएको छ कि छैन?

क. छ ख. छैन

३४. छ भने को सँग बढि सल्लाह सुझाव, अथवा समस्या सुनाउने गर्नु भएको छ ?

क. सबै भन्दा मिल्ने नजिकको साथीसँग ख. आफु भन्दा ठुला दाजु दिदी

ग. अभिभावकसँग घ. चिकित्सकसँग

३५. यौनसाथी सँग यौनसम्बन्धि खुलेर कुरा गर्ने गर्नु भएको छ कि छैन?

क. छ ख. छैन

३६. छ भने कस्ता -कस्ता विषयमा बढी चर्चा गर्ने गर्नु भएको छ ?

क. यौनआनन्द अनुभूति गराउन सहयोग गर्ने पक्षबारे ।

ख. यौनउत्तेजना कसरी बढाउन सकिन्छ बारे ।

ग. यौनस्वास्थ्य⁄ प्रजननस्वास्थ्य बारे ।

घ. विभिन्न नयाँ- नयाँ यौन आसन ⁄ तरीका बारे ।

३७. यौनसम्पर्कको समयमा तपाइलाई यौनसाथीको सबै भन्दा मन पर्ने पक्ष के-के हुन ?

क. सक्रिय सहभागिता ख. जिस्कने, चल्ने, रमाइलो गर्ने ।

ग. चिमोट्ने, टोक्ने, Tongue Kissगर्ने । घ. अश्लील बोल्ने

३८. परिवार नियोजनका साधन बारे अवगत हुन हुन्छ ?

क) छु ख) छैन ।

३९. कुन साधनको प्रयोगमा बढी रुचि राख्ने गर्नु भएको छ ?

क) अस्थायी साधन ख) स्थायी साधन

ग) प्राकृतिक तरीका घ) प्रयोग नै गर्दिन

४०. कण्डम / फेमिडमको प्रयोगमा यौन साथीको सहयोग लिने गर्नु भएको छ ?

क) छ ख) छैन

४१. क्यालेण्डर विधि / Withdrow method (लिंग बाहिर झिक्ने विधि) बारे अभ्यास गर्ने गर्नुभएको छ ।

क) छ ख) छैन

४२. यौनसम्पर्कको निम्ति तपाईले बढी प्रयोग गरिने विधिमा तलका मध्ये कुन- कुन पर्दछन् ?

क) कोल्टो परेर /घोप्टो परेर

ख) महिला माथि /पुरुष माथि रहेर (Face to face method)

ग) उभिएर

घ) डगी स्टाइल (कुकुर आसन)/ Spoon विधी

४३. यौनसाथी (महिला) को कस्तो पहिरनले तपाइलाई बढी आकर्षण गर्दछ ?

क) साधारण कुर्ता-सलवार ख) साडी चोली/लेहेँगा

ग) पेन्ट भेष्ट घ) छोटा-छोटा आधुनिक पहिरन

४४. यौनसाथी (पुरुष) को कस्तो पहिरनले तपाइलाई बढी आकर्षण गर्दछ ?

क) जिन्स पाइन्छ -सर्ट ख) धोती-कुर्ता

ग) कपडाका सर्ट-पाइन्ट घ) अन्य आधुनिक पहिरन

४५. यौनसाथीसँग घर-परिवारको वातावरण प्रतिकुल हुँदा अन्यत्र होटल/सुरक्षित ठाउँमा सम्पर्क राख्ने छुट्टै व्यवस्थापन गर्ने गर्नु भएको छ/ छैन

क) छ ख) छैन

४६. नियमित यौनस्वास्थ्यपरिक्षणको अभ्यास गर्ने गर्नुभएको छ / छैन ?

क) छ ख) छैन

४७. यौनअक्षमता(Sex impotance) बारे सुन्नु भएको छ/ छैन ?

क) छ ख) छैन

४८. वैदेशिक रोजगारी / अन्य कुनै काम विशेषले टाढा बस्ने जोडी बीच बढ्दो व्याप्त वेश्यागमन प्रवृत्ति प्रति तपाइको विचारमा के लाग्छ ?

क) एकदमै अनुभित हो ।

ख) समय परिस्थिति अनुरुप आधारभूत आवश्यकता पूरा गर्नै पर्छ ।

ग) अपराध/ सामाजिक उदण्डता बढाउँछ ।

घ) अनुत्तरित नै छु ।

४९. यौनक्रियाकलाप मानवीय जीवनमा किन आवश्यक छ जस्तो तपाइलाई लाग्छ ?

क) वंश वृद्धि गर्न मात्र ।

ख) मानवीय जीवनमा सन्तुलन ल्याउन ।

ग) आनन्द /रमाइलो पक्ष समेट्न ।

घ) जरुरी छ जस्तो लाग्दैन ।